

# सौर्य दैनिक
www.souryaonline.com
शनिवासरीय
वर्ष १४ अंक २८६ शनिबार, २७ मंसिर २०८२ | SOURYA NATIONAL DAILY | Saturday, 13 December 2025 पृष्ठ : ८ मूल्य रू. १०


## ■ नेकपा, को-अर्डिनेसन केन्द्र हुँदै एमालेका १० महाधिवेशन

# पुष्पलाललाई फ्याँकिएको त्यो पहिलो र ओली तेहेरिन चाहेको यो ११औं महाधिवेशन








- पहिलो महाधिवेशनबाट मनमोहनको हातमा नेतृत्व
- दोस्रो महाधिवेशनअघि नै केशरजंग बनेका थिए महासचिव
- तेस्रो महाधिवेशन : विभाजनको सुरुआत
- जुट र फुटको शृंखलाले २६ वर्षपछि चौथो महाधिवेशन
- जबज जन्माएको पाँचौं महाधिवेशन
- माधव नेपाललाई नेतृत्व दिएको छैठौं र सातौं महाधिवेशन
- लोकतान्त्रिक पद्धति अँगालेको आठौं महाधिवेशन
- नवौंदेखि १०औं महाधिवेशनसम्म एकता र विभाजन

**कृष्ण उप्रेती**

१० वैशाख, २००६ मा भारतको कलकत्ता सहरको श्यामबजारस्थित एक बंगालीको घरमा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीको जगमा अहिलेको नेकपा एमाले उभिएको छ। त्यसबेलाको त्यो कम्युनिस्ट पार्टी अहिले सग्लो छैन। त्यसैको जगमा आज दर्जनभन्दा बढी पार्टी उभिएका छन्। तर, नेपालमा कम्युनिस्ट आन्दोलनलाई हुर्काउने श्रेय कतै न कतै एमालेलाई नै जान्छ। नेपालको सबैभन्दा ठुलो र सत्ता सञ्चालनमा दशकौँदेखि हालीमुहाली गर्दै आएको पार्टी हो- एमाले।

'नेपाली जनताको वर्गीय र सामाजिक मुक्ति, नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय हितको रक्षा, जनतामा निहित सार्वभौमसत्ता र लोकतान्त्रिक प्रणालीका लागि सञ्चालित सामन्तवाद-साम्राज्यवादविरोधी संघर्ष गर्दै त्यसबेलाको कम्युनिस्ट पार्टी नेकपा एमालेका रूपमा स्थापित छ,' एमालेको आधिकारिक दस्तावेजमा उल्लेख गरिएको वाक्य हो यो। समाजवाद उन्मुख हुनुपर्ने पार्टी आज पद र स्वार्थमा लिप्त भइरहँदा पुष्पलाल श्रेष्ठको नेतृत्वमा निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठले जुन ध्येयका साथ यसको जग बसालेका थिए, त्यसले कत्तिको सार्थकता पाइरहेको छ, त्यो 'एमालेका नेता र कार्यकर्ता हुँ' भन्नेहरूलाई राम्रैसँग थाहा हुनुपर्छ। ▸▸▸ बाँकी पृष्ठ २

## ११औं महाधिवेशन आजबाट




नेकपा एमालेको ११औं महाधिवेशन आज शनिबार सुरु हुँदै छ। २९ गतेसम्म चल्ने महाधिवेशनेको उद्घाटन आज भक्तपुरको सल्लाघारीस्थित तिनकुने चौरमा हुँदै छ। एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार महाधिवेशनका लागि उपत्यकाबाहिरका नेता, कार्यकर्ता तथा महाधिवेशन प्रतिनिधिहरू महाधिवेशनका लागि शुक्रबार नै आइसकेका छन्। उद्घाटन समारोहस्थलमा ३ लाख जनासम्म अट्ने गरी तयारी भइरहेको छ। प्रमुख दर्शकस्थलतर्फ २५ हजार कुर्सी राखिने र एमालेसहित विभिन्न दलका शीर्ष नेता, विदेशी कूटनीतिक नियोगका प्रतिनिधिहरू सहभागी हुने व्यवस्था मिलाइएको छ। एमाले नेता राजन भट्टराईका अनुसार महाधिवेशनको उद्घाटन सत्रमा करिब ३ लाख नेता, कार्यकर्ता तथा अवलोकनकर्ताहरू उपस्थित हुने विश्वास गरिएको छ।

महाधिवेशनमा यस पटक विदेशबाट कोही अतिथि बोलाइएको छैन। एमालेले निमन्त्रण पठाएअनुसार विभिन्न १६ दलका नेताहरू उद्घाटन सत्रमा सहभागी हुनेछन्। उद्घाटन सत्रका लागि मात्र करिब १० हजार नेसनल भोलेन्टियर्स तथा अन्य जनसंठनका स्वयंसेवक परिचालन हुनेछन् भने आज पूर्वतर्फबाट जगाती र पश्चिमतर्फबाट गट्ठाघर हुँदै कार्यक्रमस्थलमा र्‍यालीसहित सहभागीहरू सभास्थलतर्फ जाने व्यवस्था मिलाइएको छ। पार्टीको विधान महाधिवेशनले नीतिगत विषयमा निर्णय गरिसकेकाले महाधिवेशन पूर्णतः नेतृत्व चयनमा केन्द्रित हुनेछ। केपी शर्मा ओली नै तेस्रो कार्यकालका लागि अध्यक्ष बन्ने तयारीमा छन् भने ओलीलाई वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले चुनौती दिँदै छन्।


**यस अंकमा**

जब अनुशासनहीनता र अराजकता झाँगियो



पृष्ठ ३

मधेसमा खुम्चिँदो एमाले
विवाद र असन्तुष्टिले पार्टीको आधार कमजोर




पृष्ठ ४

केपी कमरेडले अब पनि अध्यक्ष भएर नेतृत्व गर्दा समस्या झन् झांगिन्छन्

अन्तर्वार्ता



■ ईश्वर पोखरेल,
बरिष्ठ उपाध्यक्ष, नेकपा (एमाले)


पृष्ठ ५


## ■ को-अर्डिनेसन केन्द्रदेखि एमालेसम्म

# संस्थापक नेताहरू छिन्नभिन्न















**विक्रम रत्न**

२००६ सालमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा गठन भएको नेपाल कम्युनिस्ट पार्टी आजसम्म आइपुग्दा विभिन्न एकता, टुटफुट र विभाजनको नियतिबाट गुज्रिरहेको छ। वैचारिक, राजनीतिक अन्तरविरोधमा पार्टीहरू फुट्नु स्वाभाविक हो। तर, नेता विशेषको इगोमा कम्युनिस्ट पार्टी चोइटिएको इतिहास छ। आज नेपालमा दर्जनौं संख्यामा कम्युनिस्ट पार्टी छन्। त्यसमध्ये कम्युनिस्ट जनमतमा नेकपा एमाले सबैभन्दा ठुलो पार्टीका रूपमा स्थापित छ। हालको एमाले १५ जेठ, २०३२ मा मिल्स एरिया विराटनगरमा गठित अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को-अर्डिनेसन कमिटी (मार्क्सवादी-लेनिनवादी) को-अर्डिनेसन केन्द्र (कोके) को विस्तारित रूप हो। तर, स्थापनाकालका धेरै नेता अहिले एमालेमा छैनन्। कोकेदेखि हालको एमालेसम्म आइपुग्दा योगदानका आधारमा धेरै नेता जन्मिए, विभाजनबाट बाहिरिए पनि।

> स्थापनाकालका धेरै नेता अहिले एमालेमा छैनन् । कोकेदेखि हालको एमालेसम्म आइपुग्दा योगदानका आधारमा धेरै नेता जन्मिए, विभाजनबाट बाहिरिए पनि

१५ र १६ जेठ, २०३२ मा मिल्स एरिया विराटनगरमा सिपी मैनालीलाई सचिव बनाएर उनकै नेतृत्वमा ८ सदस्यीय अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को-अर्डिनेसन कमिटी (मार्क्सवादी-लेनिनवादी) को-अर्डिनेसन केन्द्र गठन भएको थियो। माधवकुमार नेपाल र रामचन्द्र यादवलाई पोलिटब्युरो चयन गरिएको थियो भने मुकुन्द न्यौपाने, अमृत बोहोरा, झलनाथ खनाल, गोविन्द न्यौपाने र मणिलाल राईलाई केन्द्रीय कमिटी सदस्य चयन गरिएको थियो। पछि २०३५ साउनमा धनुषास्थित कचुडीमा को-अर्डिनेसन केन्द्रको भेला गरी मैनालीकै नेतृत्वमा थप ४ जना सदस्य थपी १२ सदस्यीय कमिटी बनाइयो। पोलिटब्युरो सदस्यका रूपमा जीवराज आश्रित, केन्द्रीय कमिटी सदस्य मदन भण्डारी, प्रदीप नेपाल र रत्नकुमार बान्तवालाई चयन गरियो।

को-अर्डिनेसन केन्द्रकै जगमा ११ पुस, २०३५ मा मोरङको इटहरा डिफु गाउँमा नेकपा (माले) को स्थापना सम्मेलन भयो। सिपी मैनालीलाई महासचिवको जिम्मेवारी दिइयो भने १२ सदस्यीय केन्द्रीय कमिटी गठन गरियो। मालेको स्थापना सम्मेलनबाट केही नयाँ अनुहार पनि कमिटीमा देखिए। पोलिटब्युरो सदस्यका रूपमा माधवकुमार नेपाल र जीवराज आश्रित चयन भए। वैकल्पिक पोलिटब्युरो सदस्यका रूपमा अमृत बोहोरा चयन भए। मुकुन्द न्यौपाने, मदन भण्डारी, प्रदीप नेपाल, ईश्वर पोखरेल, रत्नकुमार बान्तवा, वामदेव गौतम र नेत्रलाल अभागी केन्द्रीय सदस्य चयन भए भने मोदनाथ प्रश्रित वैकल्पिक केन्द्रीय सदस्य चयन भएका थिए। आजको एमाले मुख्यतः यही टिमको त्याग, तपस्या, बलिदानी र संघर्षबाट सिर्जित हो।

तर, मालेका संस्थापक महासचिव हाल एमालेमा छैनन्। मदन भण्डारी र जीवराज आश्रितको २०५० सालमै दुर्घटनामा मृत्यु भयो। जसको निष्पक्ष छानबिन आजसम्म हुन सकेको छैन। माधवकुमार नेपाल एमाले विभाजन गरी नेकपा (एकीकृत समाजवादी) बनाएर पनि तत्कालीन माओवादी केन्द्रसँग एकता गरेर नेपाली कम्युनिस्ट पार्टीको सहसंयोजक बनेका छन्। वामदेव गौतम सोही पार्टीमा पुगेका छन्। यतिबेलासम्म पार्टीको संगठनको पर्दामा नदेखिएका केपी शर्मा ओली एमाले अध्यक्ष छन् भने ११औं महाधिवेशनमा आइपुग्दा संस्थापक केन्द्रीय सदस्य ईश्वर पोखरेलले ओलीलाई अध्यक्ष पदमा चुनौती दिएका छन्।

नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनपछि विकसित घटनाक्रमले को-अर्डिनेसन केन्द्र गठन भयो। माले बन्यो। यता, ३० भदौ, २०३१ मा मोहनविक्रम सिंहको नेतृत्वमा नेकपाको चौथो महाधिवेशन भयो। तर, मालेले यसलाई अस्वीकार गरेर ९-१४ भदौ, २०४६ मा सिरहामा चौथो महाधिवेशन गर्‍यो। सो महाधिवेशनबाट मदन भण्डारी महासचिव निर्वाचित भए। २०३९ सालमै सिपी मैनालीलाई बिदा गरेर झलनाथ खनाल महासचिव बनेका थिए। खनालपछि भण्डारी महासचिव बनेका हुन्। पोलिटब्युरोमा माधवकुमार नेपाल, जीवराज आश्रित, झलनाथ खनाल, अमृत बोहोरा, सिपी मैनाली निर्वाचित भएका थिए भने मुकुन्द न्यौपाने, प्रदीप नेपाल, ईश्वर पोखरेल, वामदेव गौतम, मोदनाथ प्रश्रित, केपी शर्मा ओली, अशोक राई, युवराज ज्ञवाली, त्रिलोचन ढकाल र राधाकृष्ण मैनाली केन्द्रीय कमिटी सदस्य निर्वाचित भएका थिए। ▸▸▸ बाँकी पृष्ठ २




# पुष्पलाललाई फ्याँकिएको त्यो पहिलो र ओली तेहेरिन चाहेको यो ११औँ महाधिवेशन



...पृष्ठ १ बाट क्रमशः

गुटबन्दीमार्फत् नेतृत्व हटाउने र जबरजस्त नेतृत्वमा पुग्ने इतिहास बोकेको एमाले आज फेरि एक पटक आफ्नो नेतृत्व चयनको संघारमा छ। पुष्पलालदेखि केपी शर्मा ओलीसम्म आइपुग्दा कैयौँ पटक फुट र जुटको शृंखला चलेको एमालेले अब कुन बाटो रोज्छ, त्यसको दिशानिर्देश अबको केही दिनमा हुने पक्का छ।

## पहिलो महाधिवेशनबाट मनमोहनको हातमा नेतृत्व

एमालेको माउ पार्टी नेपाल कम्युनिस्ट पार्टीको स्थापना हुँदा संस्थापक महासचिव पुष्पलाल श्रेष्ठ थिए भने अन्य संस्थापक नेतामा निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ थिए। स्थापनाको ४ महिनासम्म गोप्य राखिएको पार्टी ३० भदौ, २००६ मा सार्वजनिक गरियो। तर, ४ महिनामा पुष्पलालबाहेक कोही पनि संस्थापकहरू केन्द्रीय कमिटीमा थिएनन्। त्यसबेलासम्म मनमोहन अधिकारी, तुलसीलाल अमात्य, शैलेन्द्रकुमार उपाध्याय, डिपी अधिकारी र अयोध्या सिंह (भाइसाहेब) केन्द्रीय कमिटीमा आइपुगेका थिए।

पार्टी सार्वजनिक भएको २ वर्षपछि अर्थात् २००८ असोजमा भारतमै नेकपाको पहिलो सम्मेलन भयो। महासचिवमा पुष्पलाल नै रहे भने ५ जनाको राजनीतिक समितिमा पुष्पलालसहित मनमोहन अधिकारी, तुलसीलाल अमात्य, शैलेन्द्रकुमार उपाध्याय र अयोध्या सिंह (भाइसाहेब) थिए। पछि शम्भुराम श्रेष्ठ, केदार खनाल, धनुषचन्द्र गौतम र विजयकुमार दादा थपिएर उक्त राजनीतिक समिति ९ सदस्यको बन्यो। पार्टी विस्तार भइरहँदा संस्थापक भने एक्लिए। संस्थापकमध्येका पुष्पलाल एक्लै पार्टीमा हुँदा उनैलाई हटाउने खेल सुरु हुन थाल्यो। अन्ततः २००९ सालमा पार्टीको संस्थापकलाई नै हटाएर मनमोहन अधिकारी महासचिव बने। पुष्पलाललाई भने गण्डक प्रान्तको इन्चार्ज बनाइयो।

नेकपाको पहिलो अधिवेशन १० माघ, २०१० मा भएको भयो। कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध रहेकै अवस्थामा ललितपुरको पाटनमा सुरु भई १० दिनसम्म चलेको महाधिवेशनले २००७ सालको परिवर्तनलाई संस्थागत गर्ने निर्णय गर्दै मनमोहनलाई पार्टीको महासचिवको रूपमा चयन गऱ्यो। १५ सदस्यीय केन्द्रीय कमिटीमा मनमोहन महाधिवेशनबाट चयन हुने पहिलो महासचिव बने भने पुष्पलाल पोलिटब्युरो सदस्यमा थन्किए।

## दोस्रो महाधिवेशनअघि नै केशरजंग बनेका थिए महासचिव

नेकपाको दोस्रो महाधिवेशन २०१४ जेठ १५ देखि २५ सम्म दरबारमार्गस्थित फोहोरा दरबारमा भएको थियो। तर, दोस्रो महाधिवेशनसम्म आइपुग्दा नेकपाभित्र ठुलै उथलपुथल भइसकेको थियो। राजालाई वैधानिक नायकत्व मानी समाजवादको शान्तिपूर्ण प्रचार गर्ने भन्दै तत्कालीन महासचिव मनमोहन अधिकारीले ३ वैशाख, २०१३ मा एक वक्तव्य जारी गरे। उक्त वक्तव्य नेकपाको प्रतिबन्ध हटाउन थियो। तर, केन्द्रीय समिति बैठकले उक्त वक्तव्यलाई गलत ठहऱ्यायो।

मनमोहन अधिकारी चीन गएको मौकामा केशरजंग रायमाझी कार्यवाहक बने। महासचिव चीनमै रहेका बेला भएको दोस्रो महाधिवेशनबाट केशरजंग महासचिवमा चयन भए। महासचिवको लडाइँमा पुष्पलाल पनि थिए, तर १७ मध्ये जम्मा ५ मत पाएका पुष्पलाल पराजित भए भने १२ मत पाएर केशरजंग नेतृत्वमा पुगे। पहिलो महाधिवेशामा १५ सदस्यीय रहेको केन्द्रीय कमिटी १७ सदस्यीय बन्यो।

## तेस्रो महाधिवेशन : विभाजनको सुरुआत

नेकपाको तेस्रो महाधिवेशन २०१९ वैशाख ४ देखि १५ गतसम्म भारतको वनारसमा भएको थियो। तर, दोस्रो महाधिवशेनदेखि तेस्रोसम्म आइपुग्दा कम्युनिस्ट पार्टीभित्र ठुलै हलचल आइसकेको थियो। देश पञ्चायतकालमा प्रवेश गरेको थियो। पार्टीहरू प्रतिबन्धित थिए भने पार्टीका नेताहरू पनि राजा र पार्टी गरी २ भागमा विभाजित थिए। कम्युनिस्ट आन्दोलनको नेतृत्व गरिरहेका महासचिव केशरजंग रायमाझी पार्टीको सिद्धान्तभन्दा पनि राजाको पक्षमा उभिए। १ पुस, २०१७ मा राजा महेन्द्रले गरेको सैनिक 'कू'लाई उनले 'प्रगतिशील कदम' भनेर स्वागत गरे। उता, पुष्पलालले त्यसलाई 'सैनिक आतंक'को संज्ञा दिए। यसरी आन्तरिक द्वन्द्वमा मात्र सीमित कम्युनिस्ट पार्टी त्यसपछि भने विभाजनतिर लाग्यो। २०१९ सालसम्म कम्युनिस्ट पार्टीमा पुष्पलाल र रायमाझी धार सुरु भइसकेको थियो।

रायमाझी पक्षले लामो समयसम्म पार्टी महाधिवेशन गराउन आलटाल गरेपछि



पुष्पलालकै पहलमा 'अन्तरजोन सामञ्जस्य समिति' बन्यो, र उक्त समितिलाई २ महिनाभित्र महाधिवेशन गराउने जिम्मेवारी दिइयो। सोही समिति वा पुष्पलाल समूहले भारतमै २०१९ वैशाखमा नेकपाको तेस्रो महाधिवेशन गऱ्यो। उक्त महाधिवेशनमा रायमाझी समूहको सहभागिता थिएन। रायमाझी समूहले २०२४ सालमा मात्र तेस्रो महाधिवेशन गरेको थियो। पुष्पलाल समूहबाट भएको महाधिवेशनमा तुलसीलाल अमात्य महासचिव बनेका थिए भने रायमाझी समूहले महासचिवमा रायमाझीलाई नै चयन गरेको थियो। तर, दुवै समूहले मनमोहन अधिकारीलाई भने राजनीतिक समितिमा राखेका थिए।

## जुट र फुटको शृंखलाले २६ वर्षपछि चौथो महाधिवेशन

तेस्रो महाधिवेशनको १५ वर्षभित्रै कम्युनिस्ट पार्टी झन् छरपस्ट बन्यो। तर, इतिहासको त्यही कालखण्डमा भएका घटनाहरू नै अहिलेको नेकपा र नेकपा एमालेको धरालत बन्न पुग्यो। पार्टी टुक्रिँदै गर्दा त्यसलाई रोक्न तथा कम्युनिस्ट आन्दोलनलाई एक भएर अघि बढाउन २० मंसिर, २०२८ मा मनमोहन अधिकारी र मोहनविक्रम सिंहलगायत नेताहरूको सक्रियतामा न्युक्लियस गठन गरियो। तर, कम्युनिस्ट नेताहरूलाई एकठाउँमा ल्याउन न्युक्लियस असफल भयो। निर्मल लामा, अमिक शेरचन, नरबहादुर कर्माचार्य, जयगोविन्द साह, चित्रबहादुर आलेहरूले दरभंगामा छुट्टै पार्टी गठनका लागि प्रथम राष्ट्रिय सम्मेलन अयोजक समिति बनाए। उनीहरूले २०३१ सालमा चौथो महाधिवेशन गरेर पार्टीको नाम नै नेकपा चौथो महाधिवेशन (चौम) राखे।


उता, साना समूहहरूलाई एकीकृत गरी २०३२ सालमा स्थापना भएको अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को-अर्डिनेसन केन्द्र पछि (माले) बन्यो। अहिलेको माओवादी हुँदै बनेको नेकपाको जग त्यही चौम हो भने कोके हुँदै माले बनेको कम्युनिस्ट धार अहिलेको नेकपा एमाले हो। यसरी यो कालखण्डमा तत्कालीन कम्युनिस्ट पार्टीभित्रको उथलपुथलले नै अहिलेको २ ठुला राजनीतिक दलहरू जन्मायो। २०३२ सालमा कोकेका संस्थापक सिपी मैनाली, झलनाथ खनाल, माधव नेपाल, अमृत बोहोरा, मणिलाल राई, रामचन्द्र यादव, मुकुन्द न्यौपाने र गोविन्द न्यौपाने थिए।

२०३५ पुस ११ देखि १७ गतेसम्म मोरङको इटहरामा भएको को-अर्डिनेसन केन्द्र (माले) को पहिलो सम्मेलनले सिपी मैनाली, रत्नकुमार बान्तवा, मदन भण्डारी, माधव नेपाल, झलनाथ खनाल, ईश्वर पोखरेल, मकुन्द न्यौपाने, अमृत बोहोरा, जीवराज आश्रित, प्रदीप नेपाल र मोदनाथ प्रश्रित रहेको १० सदस्यीय केन्द्रीय समिति बनायो। त्यसबेला महासचिवमा सिपी मैनाली चुनिएका थिए। मालेको नेतृत्वबाट २०३९ सालमा सिपी मैनालीलाई हटाएर झलनाथ खनाललाई ल्याइयो। तर, २०४४ सालमा खनाललाई हटाएर सपिी मैनालीलाई महासचिवमा पुनर्स्थापित गरिएको थियो।

पुष्पलालले स्थापना गरेकै पार्टीको निरन्तरतामा जोडिन नेकपा (माले) ले २०४६ भदौ ९ गतेदेखि १४ गतेसम्म सिरहाको विष्णुपुरकट्टीमा नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेशन आयोजना गऱ्यो। महासचिव बने- मदन भण्डारी। ६ सदस्यीय पोलिटब्युरोमा भण्डारी महासचिव चुनिँदा सिपी, झलनाथ, जीवराज, माधव पोलिटब्युरोमा थिए। महाधिवेशनको डेढ वर्षपछि २२ पुस, २०४७ मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकता भएर पार्टीको नाम नेकपा (एमाले) बन्यो। नेतृत्व पनि परिवर्तन भयो, शक्तिशाली महासचिवमा भण्डारी नै रहे। तर, पार्टीको अध्यक्ष मनमोहन अधिकारी बने।

## जबज जन्माएको पाँचौँ महाधिवेशन

नेकपा एमालेको पहिलो महाधिवेशन २०४९ माघ १४ गतेदेखि २० गतेसम्म भएको थियो। त्यसबेला नेकपाको पाँचौँ महाधिवेशनको विरासत बोक्दै एमालेको राष्ट्रिय महाधिवेशन भएको थियो। तर, महाधिवेशनको केन्द्र थिए- मदन भण्डारी। भण्डारीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन 'जनताको बहुदलीय जनवाद' महाधिवेशनले पारित गरेको थियो भने तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई पराजित गरी २ वटा निर्वाचन क्षेत्रबाट चुनाव जितेका कारण पनि भण्डारी र एमाले एकअर्काका परिपूरक जस्तै बनेका थिए। पाँचौँ राष्ट्रिय महाधिवेशनले मनमोहन अधिकारीलाई अध्यक्ष चुन्यो भने भण्डारीलाई महासचिव चयन गऱ्यो। त्यसबेला भण्डारीसहित



सिपी मैनालीको 'परिमार्जित नौलो जनवाद', मोहनचन्द्र अधिकारीको 'नौलो जनवाद', रघुजी पन्तको 'सामाजिक जनवाद' पनि प्रस्तुत भएको थियो। एमालेले पछ्याएको जबज त्यही महाधिवेशनको देन हो भने अहिलेका अध्यक्ष केपी शर्मा ओली सोही महाधिवेशनबाट पोलिटब्युरो सदस्य भएका थिए।

## माधव नेपाललाई नेतृत्व दिएको छैटौँ र सातौँ महाधिवेशन

छैटौँ महाधिवेशनसम्म आइपुग्दा एमालेले मदन भण्डारीलाई गुमाइसकेको थियो। ३ जेठ, २०५० मा चितवनको दासढुंगामा रहस्यमय जिप दुर्घटनामा परी भण्डारीको मृत्यु भएपछि केन्द्रीय कमिटीले माधवकुमार नेपाललाई महासचिव चयन गरेको थियो। नेपालकै नेतृत्वमा बाँकेको नेपालगन्जमा २०५४ माघ १२ गतेदेखि १८ गतेसम्म नेकपा (एमाले) को छैटौँ राष्ट्रिय महाधिवेशन भएको थियो। नेपालगन्ज महाधिवेशनले अध्यक्षमा मनमोहन अधिकारी र महासचिवमा माधव नेपाललाई नै चयन गऱ्यो, तर महाधिवेशनकै १ महिनामा पार्टी विभाजन भयो। सहाना प्रधान अध्यक्ष र वामदेव गौतम महासचिव रहेको नेकपा माले गठन भयो, पछि ४ फागुन, २०५८ मा फेरि पार्टी एकता भयो। पार्टी एकतापछि २०५९ माघ १८ देखि २२ गतेसम्म एमालेको सातौँ महाधिवेशन भएको थियो। जनकपुरमा भएको उक्त महाधिवेशनमा नेतृत्वका लागि होडबाजी चलेको थियो। तर, माधव नेपाल बलियो हुँदा महासचिवको दाबी गरिरहेका ओली ब्याक भएका थिए। महाधिवेशनले नेपाललाई नै महासचिव चुन्यो। २३ वैशाख, २०५६ मा अध्यक्ष मनमोहन अधिकारीको मृत्यु भयो भने सोही महाधिवेशनबाट पार्टीमा अध्यक्ष पद खारेज गरिएको थियो।

## लोकतान्त्रिक पद्धति अँगालेको आठौँ महाधिवेशन

आठौँ महाधिवेशनमा आइपुग्दा नेतृत्वबाट माधव नेपाल बाहिरिसकेका थिए। तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ सालमा शासनसत्ता आफ्नो हातमा लिएपछि सबै पार्टीको अवस्था बदलिएको थियो। एमाले पनि जनआन्दोलनमा होमिएको थियो। ११ वैशाख, २०६३ मा ज्ञानेन्द्र दलहरूसामु झुके भने माओवादी शान्तिपूर्ण राजनीतिमा आयो। २०६४ सालमा संविधानसभा निर्वाचन भयो, तर नेकपा (एमाले) निकै कमजोर देखियो। पार्टीको पराजयमा आफ्नो नैतिकता देखाउँदै तत्कालीन महासचिव माधवकुमार नेपालले पदबाट राजीनामा दिए भने केन्द्रीय कमिटीले महासचिवमा झलनाथ खनाललाई चयन गऱ्यो। यही पृष्ठभूमिमा २०६५ फागुन ५ देखि १४ सम्म बुटवलमा भएको आठौँ महाधिवेशनले पार्टीमा फेरि अध्यक्ष पद ब्युँताएको थियो भने प्रतिनिधिहरूले नेतृत्व चयन गर्ने व्यवस्था राखियो। महाधिवेशनमा झलनाथ र केपी ओलीले अध्यक्षमा प्रतिस्पर्धा गरेका थिए। ओलीलाई ११७ मतले पराजित गरेर खनाल अध्यक्ष भए भने ईश्वर पोखरेल महासचिव बने।

## नवौँदेखि १०औँ महाधिवेशनसम्म एकता र विभाजन

२०७१ असार १९ देखि साउन १ सम्म काठमाडौँमा एमालेको नवौँ महाधिवेशन भयो। यस पटक माधव नेपाल नेतृत्वमा आउन चाहेका थिए। तर, ओलीसँग पराजित भए। एमालेको नेतृत्व परिवर्तनसँगै नेपालको राजनीतिक परिस्थिति पनि फेरिएको थियो। १४ असोज, २०७४ मा नेकपा (एमाले) र माओवादी केन्द्रबीच वाम गठबन्धन गरी आमनिर्वाचनमा जाने र निर्वाचनलगत्तै पार्टी एकता गर्ने ७ बुँदे सहमति भयो। आमनिर्वाचनमा वाम गठबन्धनले करिब दुईतिहाइ मत पायो। ३ जेठ, २०७५ मा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच एकता भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन भयो, तर नेतृत्वको लडाइँ, आन्तरिक द्वन्द्वका कारण ३ जेठ, २०७५ मा एकता बदर भयो, र फेरि पुरानै अवस्थामा फर्कियो।

नवौँ महाधिवशेनबाट दशौँसम्म आइपुग्दा एमालेभित्र एक प्रकारको हलचल नै मच्चिसकेको थियो। एमाले एकताबाट फेरि पुरानै अवस्थामा फर्किएको एमाले त्यसबीच विभाजनसमेत भयो। एमालेबाट फुटेर माधव नेपालले नेकपा एकीकृत समाजवादी बनाइसकेका थिए। २०७८ मंसिर १० देखि १४



गतेसम्म चितवनको नारायणगढ र सौराहामा एकता र विभाजनबाट गुज्रिएको एमालेको १०औँ महाधिवेशन भएको थियो। महाधिवेशनले फेरि एक पटक ओलीलाई नै नेतृत्व सुम्पियो। ओलीलाई चुनौती दिएका भीम रावलले पछि पार्टी नै छाडे।

## संस्थापक नेताहरू...

वैकल्पिक केन्द्रीय कमिटी सदस्यमा केदार न्यौपाने, केशव बडाल, युवराज कार्की र गोपाल शाक्य निर्वाचित भएका थिए। २२ पुस, २०४७ मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) एकीकृत भएपछि बनेको नेकपा (एमाले) आजपर्यन्त अस्तित्वमा छ। एकतापछि मनमोहन अधिकारी अध्यक्ष बनेका थिए भने मदन भण्डारी महासचिव बनेका थिए। केन्द्रीय कमिटीमा भरतमोहन अधिकारी, अशोक राई, सहाना प्रधान, हिरण्यलाल श्रेष्ठ, विष्णु पौडेल र सुरेन्द्र पाण्डेलगायत नेताहरू थपिएका थिए।

३१ सदस्यीय केन्द्रीय कमिटी बनाइएको थियो। १४-२० माघ, २०४९ मा एमालेको पाँचौँ महाधिवेशनमा मनमोहन अधिकारी अध्यक्ष र मदन भण्डारी नै महासचिव बने। केपी ओली स्थायी कमिटी सदस्य निर्वाचित भए। ३ जेठ, २०५० मा महासचिव भण्डारी र स्थायी कमिटी सदस्य जीवराज आश्रितको चितवनको दासढुंगामा जीप दुर्घटनामा मृत्यु भयो। १२-१८ माघ, २०५४ मा भएको छैटौँ महाधिवेशनबाट अधिकारी पुनः अध्यक्ष र माधव नेपाल महासचिव निर्वाचित भए। २०५४ मै वामदेव गौतमले पार्टी विभाजन गरी नेकपा (माले) बनाए। ३ फागुन, २०५८ मा माले पुनः एमालेमै विलय भयो।

१८-२२ माघ, २०५९ मा जनकपुरमा भएको सातौँ महाधिवेशनबाट माधवकुमार नेपाल महासचिव निर्वाचित भए। ५-१४ फागुन, २०६५ मा भएको आठौँ महाधिवेशनपछि एमाले बहुपदीय प्रणालीमा गयो। अध्यक्षमा झलनाथ खनाल निर्वाचित भए। वामदेव गौतम र विद्यादेवी भण्डारी उपाध्यक्ष निर्वाचित भए भने ईश्वर पोखरेल महासचिव निर्वाचित भए। त्यसबेला ११५ सदस्यीय केन्द्रीय कमिटी चयन गरिएको थियो। १९ असारदेखि १ साउन, २०७१ मा भएको नवौँ महाधिवेशनमा माधवकुमार नेपाललाई हराउँदै अध्यक्षमा केपी शर्मा ओली निर्वाचित भए।

युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र भीम रावल उपाध्यक्ष निर्वाचित भए। महासचिवमा ईश्वर पोखरेल निर्वाचित भए। विष्णु पौडेल र घनश्याम भुसाल उपमहासचिव बने। प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरूङ, भीम आचार्य, गोकर्ण बिष्ट र योगेश भट्टराई सचिव बने। ३ जेठ, २०७५ मा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच एकीकरण भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बन्यो। ओली र पुष्पकमल दाहाल प्रचण्ड २ जनै अध्यक्ष बने। २३ फागुन, २०७७ मा सर्वोच्च अदालतले अर्को पार्टीसँग नाम मिलेको भन्दै एकता बदर गरेपछि एमाले पुनः अस्तित्वमा आएको हो।

यसबीचमा ८ भदौ, २०७८ मा माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) गठन भयो। वामदेव गौतमले नेकपा एकता अभियान सञ्चालन गर्न भन्दै एमालेबाट बाहिरिए। १०-१४ मंसिर, २०७८ मा भएको पार्टीको १०औँ महाधिवेशनबाट ओली पुनः अध्यक्ष निर्वाचित भए। नवौँ महाधिवेशनबाट नेतृत्वमा ओलीको उदय भएसँगै पुराना र स्थापित नेताहरू पार्टीबाट किनाराकृत हुँदै गए।

### कहाँ छन् ती स्थापित नेताहरू ?

नेकपा (माले) को चौथो महाधिवेशनबाट निर्वाचित नेताहरूमध्ये सिपी मैनाली मालेकै पुनर्गठन गरेर अध्यक्ष बनेर बसिरहेका छन्। राधाकृष्ण मैनाली र मोदनाथ प्रश्रित सक्रिय राजनीतिमा छैनन्। माधवकुमार नेपाल, झलनाथ खनाल र वामदेव गौतम हाल नेपाली कम्युनिस्ट पार्टीमा आबद्ध छन्। मदन भण्डारी, जीवराज आश्रित र प्रदीप नेपालको मृत्यु भइसकेको छ भने अशोक राईले २०६८ सालमै एमालेबाट फुटेर संघीय समाजवादी पार्टी बनाएका थिए। हाल उनी जनता समाजवादी पार्टीका अध्यक्ष छन्। दशौँ महाधिवेशनमा ओलीलाई अध्यक्षमा टक्कर दिएका कारण एमालेबाट निष्कासित भीम रावल पनि नेपाली कम्युनिस्ट पार्टीमै एकीकृत भएका छन्।


**रघुगंगा गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
मौवाफांट, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

**सूचना सच्चाईएको सम्बन्धमा**

मिति:-२०८२/०८/२६

प्रस्तुत विषयमा मिति २०८२।८।१२ गते प्रकाशित ठेक्का नं. RRM/MYAGDI/NCB/W/B/01/082/083 वडा कार्यालय सभाहल तथा घेराबार निर्माण वडा नं. १ र मिति २०८२।८।२४ गते प्रकाशित ठेक्का नं. RRM/MYAGDI/NCB/W/B/03/082/083 चिमखोला आधारभुत विद्यालय भवन निर्माण कार्यको बोलपत्र सूचना प्रकाशन भएको र उक्त बोलपत्रहरु विधुतिय माध्यम (E-bid) बाट मात्र पेश हुनु पर्नेमा अन्यथा भएको विषय सच्याइएको व्यहोरा अनुरोध छ।

नि. प्रमुख प्रशासकीय अधिकृत

**नेपाल सरकार**
**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**बैदेशिक रोजगार विभाग, काठमाडौंको**

**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८२/०८/२७

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Red Panda International Overseas Pvt. Ltd.** (ई.प्र.नं. १३७५/०७४/०७५) को संचालक/शेयरनधीले आ-आफ्नो नाममा कायम रहेको शेयरहरु दा. खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोहि कसैको हक स्वामित्व तथा लेनदेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सबुद प्रमाण सहित **बैदेशिक रोजगार विभाग संस्था दर्ता तथा समन्वय शाखामा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०८/२२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

| साविकका शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. संजय बुलुन - ०१ देखि १२५०० सम्म | १. रमिला ताम्राकार रोकाया मगर - ०१ देखि २५००० सम्म |
| २. इन्द्र प्रसाद गुरुङ - १२५०१ देखि २५००० सम्म | २. उपेन्द्र सिग्देल - २५००१ देखि ३७५०० सम्म |
| ३. उपेन्द्र सिग्देल - २५००१ देखि ३७५०० सम्म | ३. राजकुमार बानिया - ३७५०१ देखि ५०००० सम्म |
| ४. राजकुमार बानिया - ३७५०१ देखि ५०००० सम्म | |

**UAE मा रोजगार** Express Facilities Management L.L.C.

पुनः विज्ञापन, पुर्व स्वीकृती मिति: २०८१/१०/६ चलानी नं.: ६०२३२१८३ LT No.: 317295

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Female Cleaner | 0 | 188 | काममा दक्ष | 900 | ३५,३४५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६- कामदार आफैले | रु. १,५००- कामदार आफैले | रु. ७,००१- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ पौष ५ गते (20 Dec., 2025) यस प्रा. लि. को कार्यालय, कुपण्डोल, ललितपुरमा हुनेछ।**

[illegible]

**AIR KINGS PLACEMENT PVT. LTD.** Gov. Lic No. 712/064/065
Kupondole, Lalitpur, Nepal. Tel.: 01-5524006, 5427196

**निक्षेप उपर हकदावी सम्बन्धि ३५ दिने सूचना**

(सूचना प्रकाशित मितिः २०८२/८/२७)

धन बहादुर शाहीको छोरा सुर्खेत जिल्ला, पञ्चपुरी नगरपालिका, वडा नं ०३, बस्ने बिक्रम बहादुर शाहीको मिति २०८२/०४/१० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको सुर्खेत वीरेन्द्रनगर शाखामा रहेको बचत खाता नं.१४००२९६२७९४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती (अन्जु के.सी.) ले यस बैंक सुर्खेत वीरेन्द्रनगर शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सावित प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय सुर्खेत वा प्रधान कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सधैँका लागि
शाखा कार्यालय, सुर्खेत - ०४, सुर्खेत, फोन नं.०८३-५२२३१०

**काठमाडौं महानगरपालिका वडा नम्बर ४ सुकेधार स्थित आईतकुमारी विश्वकर्माको घर भाडामा लिई डायनामिक एडभेन्चर टिप प्रा.लि. नामको व्यवसाय सञ्चालक यमराज तामाङको नामको १५ दिने सूचना**

काठमाडौं महानगरपालिका वडा नं. ४ सुकेधारा स्थित आईतकुमारी विश्वकर्माको घरमा फल्याट भाडामा लिई डायनामिक एडभेन्चर टिम प्रा.लि. सञ्चालक यमराज तामाङ विगत १४ महिनादेखि सम्पर्कमा पनि नभएकोले घर खाली गराई पाउँ भनी घरधनीको तर्फबाट आईत कुमारी विश्वकर्माको यस वडा कार्यलयमा निवेदन पर्न आएकोले तपाई डायनामिक एडभेन्चर टिमको सञ्चालक यमराज तामाङको नामा उपस्थित हुने बारे यो सूचना प्रकासित गरिएको छ। अत यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस वडा कार्यलयमा उपस्थित हुनुहोला। अन्यथा कानुन बमोजिम उक्त फल्याट खाली गरिने व्यहोरा सूचित गरिन्छ।

का.म.न.पा. ४ वडा कार्यालय

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८२/०८/२७

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०८/२५ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **फेमश मिट एक्सप्रेस (प्रा.लि.नं.३७३६६०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको फेमश एक्सप्रेस प्रा. लि. ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

प्रकाशित मिति : २०८२/०८/२७ गते

यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | मालवस्तुको विवरण | ब्राण्ड | मोडल | औसत क्षमता | उत्पतिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई भ्याट बिनाको मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (भ्याट सहित) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | HITECH | HS-132LDT | 100L | CHINA | Pcs | 19,252.21 | 21,755.00 | |
| 2 | REFRIGERATOR | KEC | KEC-136LDT | 100L | CHINA | Pcs | 19,252.21 | 21,755.00 | |

जे.एन.इण्डस्ट्रीज प्रा.लि., सँतुगल, काठमाडौं, फोन नं. ९८०१३१५७५० स्थायी लेखा नं. ६०१८५६५५८

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/८/२७

यस कम्पनीको मिति २०८२/०८/१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी किर्तिपुर हिलसाइड होटल एण्ड रिसोर्ट प्रा. लि. (प्रा.लि.नं.: २८०८५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०८/२३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **किर्तिपुर हिलसाइड होटल प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# जब अनुशासनहीनता र अराजकता झाँगियो

*एमाले बनेको निकै वर्षसम्म मालेकालीन अनुशासन कायमै थियो। तर, क्रमशः पछिल्ला वर्षहरूमा अनुशासनको मामिलामा एमाले क्रमशः कमजोर बन्दै गइरहेको नेताहरू नै बताउँदै आएका छन्*

को-अर्डिनेसन केन्द्र, नेकपा (माले) हुँदै आजको यात्रामा आइपुग्दा नेकपा (एमाले) ले पार्टी जीवनमा थुप्रै राजनीतिक, सैद्धान्तिक तथा वैचारिक घुम्तीहरू पार गरेको छ। नेपालका राजनीतिक दलहरूमध्ये एमालेको संगठन व्यवस्थित मानिन्छ। पार्टी सदस्यहरूको अभिलेखदेखि कार्यालय व्यवस्थापनसम्म एमाले अन्य राजनीतिक दलभन्दा एक कदम अगाडि नै छ। यसो हुनुमा मालेकालीन 'फलामे अनुशासन' बढी जिम्मेवार छ। एमाले बनेको निकै वर्षसम्म मालेकालीन अनुशासन कायमै थियो। तर, क्रमशः पछिल्ला वर्षहरूमा अनुशासनको मामलामा एमाले क्रमशः कमजोर बन्दै गइरहेको नेताहरूले नै बताउँदै आएका छन्।

एमालेमा सबैभन्दा जोडदार रूपमा विरोध हुँदै आएको कुरा पार्टी कमिटीहरूको बैठकको सन्दर्भ हो। विगतमा एजेन्डाहरूमा बृहत् छलफल हुने गरेको, एजेन्डाहरूमा पार्टीका सबै सदस्यको धारणा लिएर मात्रै निर्णय गर्ने गरिएको भए पनि अहिले भने शीर्ष नेताहरूको मनोमानीमा बैठक बस्ने गरेको र निर्णय हुने गरेको भन्दै नेताहरूले आलोचना गर्ने गरेका छन्। 'कमिटीको बैठकमा पार्टीप्रति धारणा के छ ? काम-कारबाहीहरूको सम्बन्धमा धारणा के छ ? भनेर व्यक्ति-व्यक्तिलाई सोधिन्थ्यो र निर्णय लिइन्थ्यो,' एमालेका एक पुराना नेता भन्छन्, 'एकअर्काबीच रचनात्मक आलोचना हुन्थ्यो। आत्मालोचना हुन्थ्यो। कमजोरी सुधार्ने प्रतिबद्धता हुन्थ्यो। आत्मसमीक्षा गहिरो गरी हुने गरेको थियो। तर, आज पार्टीमा त्यस प्रकारको अवस्था देखिँदैन।' त्यसैले नेताहरूले कम्युनिस्ट आचरणअनुसारको जीवनशैली र कार्यशैली नपनाएको भन्दै आलोचना हुने गरेको छ।

एमाले नेता प्रदीप नेपालले नेपालमा भर्खरै मोबाइल भित्रिएका बेला पहिलो पटक मोबाइल बोकेपछि हाइफाईको जीवन जिएको भन्दै उनको आलोचना पार्टीभित्र भएको थियो। पार्टी बैठकमै मोबाइल खर्चको स्रोत खोजिएको नेताहरूले बताउने गरेका छन्। तत्कालीन नेताहरू सिपी मैनालीकी पत्नी सीता खड्का र भीम रावलकी पत्नी सञ्जिता गिरी, त्यसबेला अखिल नेपाल



महिला संघका नेताहरू थिए, उनीहरूले २०५८ सालमा अनेरास्ववियुको राष्ट्रिय महिला भेलामा सिफनको सारी लगाएको भनेर आलोचना भयो। २०३९ सालमा पार्टीको अनुशासन तोडेको भन्दै नेताहरू कोमल भट्टराई र टंक कार्कीलगायतलाई कारबाही गरिएको थियो। तर, उनीहरूमाथि कारबाहीको व्यवहार कहिल्यै गरिएन। कारबाहीमा परे पनि उनीहरू पार्टीसँगको संवादमा थिए। र, पछि पार्टी काममा लागे।

नवौँ महाधिवेशनसम्म एमालेमा वैचारिक आधारमा प्रतिस्पर्धा हुने गरेको नेताहरू बताउँछन्। तर, नवौँ







महाधिवेशनबाट अध्यक्ष केपी शर्मा ओली निर्वाचित भएसँगै पार्टीभित्र आन्तरिक लोकतन्त्र संकुचनमा परेको बताइन्छ। १०औँमा पनि उनै ओली नेतृत्वमा दोहोरिए। को-अर्डिनेशन केन्द्रदेखि माले हुँदै संगठनको जग बसाएका नेताहरू माधव नेपाल, झलनाथ खनाल, वामदेव गौतम, भीम रावललगायत नेताहरू एमालेमा बस्न नसक्ने स्थिति पैदा भयो। यद्यपि, नेपाल, खनाल र गौतम नयाँ पार्टी बनाएर गएका हुन्। रावल भने निष्कासनमा परेका हुन्। उनीहरूको फरक मतलाई एमालेमा दबाइएको र निरंकुश ढंगले पार्टी सञ्चालन भएको भन्दै उनीहरूले आपत्ति जनाउँदै पार्टीबाट बाहिरिएका थिए।

पार्टीलाई भवन बनाउन व्यवसायी मीनबहादुर गुरुङले जग्गा दान दिएको विषयको विरोध गर्दा स्थायी कमिटी सदस्य बिन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमल्सेना ६ महिना निलम्बनमा परे। उनीहरूको निलम्बन फुकुवा भइसकेको छ। संस्थापन निकट कैयौँ नेताहरूलाई सांस्कृतिक विचलनको मुद्दा लागेको छ। अदालतमा मुद्दा विचाराधीन छन्। पार्टीभित्र पनि थुप्रै उजुरी छन्। त्यस्ता व्यक्तिहरूमाथि उजुरी र मुद्दाहरू छन्, जो अध्यक्ष केपी शर्मा ओलीनिकट छन्। तर, उनीहरूमाथि पार्टीले कारबाहीको कुनै प्रक्रिया चालेको छैन। 'नेताहरू नै अनुशासित छैनन्। उनीहरू अनुशासनहीन भएपछि तल कहाँ अनुशासन हुन्छ त ? अनुशासनहीन नेता/कार्यकर्ताको संरक्षणमा शीर्ष नेताहरू लागेका छन्,' एक नेता टिप्पणी गर्छन्।

पार्टीको बैठक नै नबसेको र बैठक बस्दासमेत एजेन्डामा छलफल गर्न नपाएको गुनासो पनि एमालेभित्र उत्तिकै छ। स्थायी कमिटी सदस्य कर्णबहादुर थापाले त १०औँ महाधिवेशनपछि एमालेको जम्मा ३ वटा स्थायी कमिटी बैठक बसे पनि एउटा मात्रै बैठकमा बोल्न समय पाएको भनेर सार्वजनिक अभिव्यक्ति नै दिएका छन्। केन्द्रीय कमिटी सदस्य उषाकिरण तिमल्सेनाले दुइटा केन्द्रीय कमिटी बैठकमा जम्मा ६ मिनेट मात्रै बोल्न पाएको बताएकी छिन्। '६ मिनेटमा देशको, पार्टीको विषयमा के-कति धारणा राख्न सकिन्छ ?,' उनको प्रश्न छ। कम्युनिस्ट आन्दोलनको एक धारको नेतृत्व गरेको सबैभन्दा ठुलो कम्युनिस्ट पार्टी एमालेभित्र मौलाएको दण्डहीनता, अराजकता र अनुशासनहीनताले कम्युनिस्ट आन्दोलन तथा समग्र राजनीतिक दलहरूभित्र समेत असर पार्ने एमालेकै नेताहरू बताउँछन्।

## एमाले महाधिवेशन

# नेतादेखि प्रतिनिधिसम्मको दौडधुप र लबिइङ तीव्र



नेकपा एमालेको ११औँ राष्ट्रिय महाधिवेशनमा सहभागी हुन आउने नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूको उल्लेख्य उपस्थितिका कारण काठमाडौँ उपत्यकामा रौनक थपिएको छ। आज शनिबार काठमाडौँमा सुरु हुने ३ दिने महाधिवेशनमा सहभागी हुन आउने पार्टी प्रतिनिधिसहित नेता तथा कार्यकर्ताबीचको भेटघाट, छलफल, चुनावी बहस र प्रचारप्रसारले तीव्रता पाउँदा चहलपहल बढेको हो। विशेष गरी च्यासलस्थित पार्टी केन्द्रीय कार्यालय, भक्तपुरको सल्लाघारीस्थित महाधिवेशन उद्घाटनस्थलसहित प्रभावशाली एवं शीर्ष नेताहरूको निवासमा चलहपहल बढेको देखिन्छ।

यसैगरी, पार्टी पदाधिकारी एवं केन्द्रीय सदस्य पदमा आकाक्षी नेताहरूको लबिइङ र उनीहरूका पक्षमा राजनीतिक माहोल सिर्जना गर्न चाहने शुभेच्छुक तथा कार्यकर्ताको दौडधुपले पनि राजनीतिक चहलपहल बढेको देखिन्छ। मुलुकमा विकसित विषम राजनीतिक परिवेशका बीच आगामी ५ वर्षका लागि नेतृत्व चयन गर्ने सन्दर्भमा हुन गइरहेको राष्ट्रिय महाधिवेशनका अवसरमा चहलपहल हुनुलाई स्वाभाविक रूपमा लिइनुपर्ने राजनीतिक विश्लेषकको भनाइ छ। महाधिवेशनलाई एउटा उत्सवमात्र नभई पार्टी र देशको भविष्यका लागि नयाँ चुनौतीका विषयमा विमर्श गर्ने अवसरका रूपमा पनि प्रतिनिधिले लिएका छन्। प्रतिनिधिहरू आफ्नो परिचयपत्र लिन र नेतृत्व चयनमा निर्वाचन भएमा कसरी प्रस्तुत हुने भन्ने विषयमा चासोपूर्वक लागिरहेका देखिन्छन्।

महाधिवेशनमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वको निरन्तरता र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल नेतृत्वमा पुस्तान्तरण भन्ने अन्तरपार्टी बहस चलिरहेको छ। राष्ट्रिय राजनीतिमा संकटको समयमा यसलाई सामना गर्न सक्ने नेतृत्व ओली नै हो भन्ने संस्थापन पक्षको धारणा र नेतृत्वमा पुस्तान्तरण, हस्तान्तरणसहित रूपान्तरण हुनुपर्ने आवाज वरिष्ठ उपाध्यक्ष पोखरेल पक्षबाट आइरहेको छ। एमालेको संगठन विभागका प्रमुख काशीनाथ अधिकारीका अनुसार महाधिवेशनमा निर्वाचित, विशेष क्षेत्र र पदेन गरी २ हजार १५४ प्रतिनिधि रहनेछन्। सो संख्याको ५ प्रतिशतसम्म प्रतिनिधि मनोनीत गर्न सकिने व्यवस्था छ। पार्टीको केन्द्रीय सल्लाहकार परिषद्का ३०९ सदस्यले पनि महाधिवेशनमा सहभागी हुन पाउनेछन्।

यसअघि, वरिष्ठ उपाध्यक्ष पोखरेलले जेनजी आन्दोलनपछिको अवस्थालाई समीक्षा गर्नुपर्ने गरी आफ्नो अवधारणापत्र पार्टीका महासचिव शंकर पोखरेललाई हस्तान्तरण गरिसकेका छन्। पार्टीका अन्य नेताहरूले गत भदौ २०-२२ मा काठमाडौँमा सम्पन्न दोस्रो विधान महाधिवेशनमा राजनीतिक दस्तावेजमा छलफल भइसकेका सन्दर्भमा नीतिभन्दा नेतृत्वका विषयमा राष्ट्रिय महाधिवेशन केन्द्रित हुनुपर्ने धारणा व्यक्त गरिरहेका छन्। एमालेका उपमहासचिव एवं जनपरिचालन समितिका संयोजक प्रदीप ज्ञवालीले आफूहरू महाधिवेशनको अन्तिम तयारीमा पुगेको जानकारी दिँदै भक्तपुरको तिनकुनेस्थित सल्लाघारीको खुला मैदानमा मञ्च निर्माण तथा व्यवस्थापनलगायत काम अन्तिम चरणमा पुगेको बताए। उनले महाधिवेशनको उद्घाटन सत्रमा विशेष गरी बागमती, मधेस र गण्डकी प्रदेशसहित देशभरबाट उल्लेखनीय संख्यामा जनसहभागिता हुने गरी व्यापक प्रचारप्रसारसहित तयारी भइरहेको जानकारी दिए।

नेता ज्ञवालीका अनुसार एमालेले महाधिवेशनमा शुभकामना दिन विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नेसहित १६ राष्ट्रिय दलका प्रमुख र प्रतिनिधिलाई आमन्त्रण गरिएको छ। जेनजी आन्दोलनपछिको विशेष अवस्था भएकाले विदेशका नेता तथा पाहुनालाई यस महाधिवेशनमा निम्तो नदिइएको एमालेका बाग्मती प्रदेश इन्चार्ज डा. राजन भट्टराईले जानकारी दिए। उनका अनुसार भारत, चीन, क्युबालगायत मुलुकका पार्टीबाट शुभकामना सन्देश प्राप्त भएको छ। यस्तै नेपालस्थित कूटनीतिक मिसनलाई महाधिवेशनमा बोलाइएको छ। महाधिवेशन सफलतपूर्वक भव्य रूपमा सम्पन्न गर्न गठित स्वयंसेवक परिचालन, आवास, खाद्यान्न, यातायात, प्रचारप्रसार, सांस्कृतिक, आर्थिक, प्रतिनिधि व्यवस्थापनलगायत समितिहरू आआफ्ना जिम्मेवारी पूरा गर्न व्यस्त देखिन्छन्।

एमालेका केन्द्रीय प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले महाधिवेशनमार्फत् राष्ट्रिय एकता र निकासका निम्ति सम्पूर्ण नागरिकलाई अपिल गरिने बताए। उनले महाधिवेशनको प्रतीक चिह्न (लोगो) मा काठमाडौँ उपत्यकाका ऐतिहासिक एवं सांस्कृतिक सम्पदा धरहरादेखि, रञ्जना लिपी, न्यातपोल दरबार र शान्तिको प्रतीक पनि समावेश गरेर नेवाः संस्कृति र ऐतिहासिकतालाई महत्व दिन खोजिएको बताए। 'राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल र सुखी, नेपाली राष्ट्रिय गन्तव्य' भन्ने नारा रहेको महाधिवेशनको उद्घाटन अध्यक्ष ओलीले गर्नेछन्। महाधिवेशन उद्घाटनका अवसरमा सांस्कृतिक कार्यक्रमसहित स्थानीय झाँकी तथा वेषभूषामा सज्जित कलाकारले प्रदर्शन गर्ने कार्यक्रम छ।


**माइग्रेशन हराएको सूचना**

मिति २०८२/०६/२८ गते चावहिल जाँदा मेरो माईग्रेशन हराएको हुँदा पाउनुहुने वा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

**Name : Barsha Kumari shah**
**Address : Kathmandu**
**Registration No : 770413025**
**Migration serial number : 990481**
**Contact no : 9824017412**


# विधान महाधिवेशनबाट पारित विधानकै आधारमा नेतृत्व चयन




नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशनमा गत भदौमा सम्पन्न दोस्रो विधान महाधिवेशनबाट पारित विधानका आधारमा नै नयाँ नेतृत्व चयन हुने भएको छ। शुक्रबार बसेको सचिवालय बैठकले दोस्रो विधान महाधिवेशनको सर्वोच्चतालाई स्वीकार गर्दै यो राष्ट्रिय महाधिवेशनमा १५ सदस्यीय पदाधिकारी र २५१ सदस्यीय केन्द्रीय कमिटी नै र हनेगरी निर्णय गरेको हो।

पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीका अनुसार महाधिवेशनको बन्दसत्रमा विगतको भन्दा फरक अभ्यासका रूपमा हालको सिङ्गो सचिवालय (१९ जना) नै अध्यक्षमण्डलका रूपमा रहनेछन्। बैठकले निर्वाचित र पदेन प्रतिनिधिहरू २ हजार १५४ जना को ५ प्रतिशत हुन आउने १०८ सदस्य प्रतिनिधि मनोनयन पनि गरेको छ। उक्त नामावली आज सार्वजनिक हुनेछ।

बैठकले महाधिवेशनबाट पारित गर्नुपर्ने विशेष प्रस्तावका लागि उपमहासचिव ज्ञवालीको संयोजकत्व र माइन्युटटिङका लागि उपमहासचिव पृथ्वीसुब्बा गुरुङको संयोजकत्वमा कमिटी गठन गरेको छ। सचिवालयले बैठकले हालै नेपाल सरकार र जेनजीका प्रतिनिधिबिच भएको १० बुँदे सम्झौताप्रति गम्भीर आपत्ति जनाउँदै सरकारको कार्यादेश र संविधानविपरीत भएको निष्कर्ष निकालेको उपमहासचिव ज्ञवालीले बताए।

### सरकार र जेनजीबिच भएको सम्झौतामा एमालेको आपत्ति

नेकपा एमालेले मंसिर २४ गते सरकार र जेनजीका प्रतिनिधिहरुबिच भएको सम्झौताप्रति आपत्ति जनाएको छ। एमाले सचिवालय बैठकले उक्त सम्झौताप्रति आपत्ति जनाएको उपमहासचिव ज्ञवालीले जानकारी दिए। सरकारले संविधान र कानुनभन्दा बाहिर गएर सम्झौता गरेको भन्दै त्यसलाई मान्न नसकिने समेत उनले बताए। त्यसो त यसअघि नै एमालेले जेनजी र सरकारबिच भएको सहमतिबारे आपत्ति जनाएको थियो। भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनबारे सरकार र जेनजीका प्रतिनिधिबिच मंसिर २४ गते विभिन्न सम्झौता भएको थियो। उक्त सम्झौताले जेनजी आन्दोलनलाई जनआन्दोलनको मान्यता दिने लगायतका निर्णय समेत गरेको थियो।


**ग्रामथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
तेतरीया, मोरङ्ग
कोशी प्रदेश

**आर्थिक प्रस्ताव खोल्ने मिति सच्याईएको सम्बन्धि सूचना**

**मिति:२०८२।०८।२७**

यस कार्यालयको मिति २०८२।०६।२७ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहायमा उल्लेखित बोलपत्र नं र खरिद कार्यको लागि E-Bid मार्फत पेश भएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मिति २०८२।०७।२७ गते का दिन खोलि सावजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ), (०४) र नियम ६५ को ४(क), ४(ख),४(ग),४(घ) र ४(ङ) बमोजिम मुल्याइन हुँदा देहायमा उल्लेखित बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भई आर्थिक प्रस्ताव खोल्नको लागि उपयुक्त देखिएकाले मिति २०८२।०९।०४ गते दिनको २ बजे खोलिने अर्थिक प्रस्ताव प्राविधिक समस्याका कारण मिति २०८२।०९।०६ गते दिनको २ बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुदा सोही नियमावलीको नियम ३१(ङ),०५ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Project No: G.R/NCB/WORKS/03-082-083

Project Name: Ring Road Banigama Purba Sadak Kalopatre (Ward no 6 Package)

| S.N. | Name of the Bidders | Status | Remarks |
|---|---|---|---|
| 1 | M/S Nikita and Raj construction pvt.ltd, Sunsari | Qualified | |
| 2 | M/S Ayush-Sumnima JV | Qualified | |
| 3 | M/S Shree Krishna Nirman Sewa Sunsari | Qualified | |
| 4 | M/S INS-SC JV Morang | Qualified | |

■ मधेसमा खुम्चँदो एमाले

# नेताहरूबीच विवाद र जनअसन्तुष्टिले पार्टीको आधार कमजोर

प्रमोदकुमार साह

> मधेस आन्दोलनको क्रममा नेकपा एमालेलाई मधेस प्रदेशमा निषेध गरिएको थियो । केपी ओलीको मधेसप्रतिको घृणाजन्य र आवेगपूर्ण बोलीका कारण एमालेलाई मधेस प्रदेशमा प्रवेश गर्न निषेध गरिएको थियो तर केपी ओलीले आफ्नो हठी स्वभावलाई जारी राख्दै आफ्नो जम्बो टोलीसहित सप्तरी प्रवेश गरे ।

जनकपुरधाम । मधेस आन्दोलनपछि नेकपा एमालेका कतिपय नेताको भेदभावपूर्ण व्यवहार र मधेस-मधेसीप्रतिको कठोर बोलीका कारण मधेसी जनतामा एमालेप्रति असन्तुष्टि बढ्यो । यही कारण पहिलो संविधानसभाको चुनावमा मधेसी जनताले एमालेलाई ठुलो पराजय चखाए ।

दोस्रोपटक प्रतिनिधिसभा चुनाव हुँदा मधेस प्रदेशमा संख्यात्मक रूपमा एमालेका उम्मेदवारले जित हात पारे पनि त्यो पार्टीगत रूपमाभन्दा बढी व्यक्तिको लोकप्रियताका कारण सम्भव भएको थियो, जसले एमालेलाई प्रदेशमा सबैभन्दा ठुलो दल बनायो ।

तर अपेक्षाअनुसार काम गर्नुभन्दा उल्टो मधेस प्रदेशलाई नै बदनाम गर्ने गतिविधि देखिँदै जाँदा एमालेप्रति मधेसी जनताको विश्वास क्रमशः घट्दो क्रममा रहेको छ । नेकपा एमालेको राजनीतिक प्रभाव पछिल्ला महिनाहरूमा उल्लेखनीय रूपमा घट्दै गएको देखिएको छ ।

प्रदेश सरकारमा एमालेलाई निर्णायक शक्ति मानिने अवस्था बदलिँदै जाँदा पार्टीको जनसमर्थन र संगठनात्मक पकड दुवै कमजोर बन्दै गएको विश्लेषकहरूको टिप्पणी छ ।

हालै एमालेले मधेस प्रदेश सरकारबाट समर्थन फिर्ता लिएपछि प्रदेशको सत्ता संरचना अस्थिर बनेको थियो । समर्थन फिर्तासँगै एमाले मधेसमा शक्ति-समीकरणबाहिर धकेलिएको छ । यसले पार्टीको प्रभाव कमजोर भएको मात्र होइन, प्रदेशको राजनीतिमा एमालेको भूमिका पुनः परिभाषित हुनुपर्ने संकेत दिएको छ ।

यसबीच, एमाले नेतृत्वको मधेस प्रदेश सरकारले गरेका निर्णयहरूमध्ये धेरैजसो नयाँ सरकारले बदर गर्ने निर्णय गरेको छ । यसले एमालेको शासन क्षमता र विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाएको छ । स्थानीय तहदेखि प्रदेश स्तरसम्म एमालेभित्र देखिएको गुटगत विवाद, नेतृत्व प्रतिस्पर्धा र योजनाको अभावले पनि जनसमर्थन घटाउन भूमिका खेलेको बताइन्छ ।

अर्कोतर्फ मधेस प्रदेशमा पहिचान, समावेशीता, सिँचाइ, कृषि, रोजगार, नागरिकताजस्ता एजेन्डा तीव्र रूपमा उठाइँदै गर्दा एमालेले यी मुद्दामा प्रभावकारी र विश्वसनीय कदम चाल्न नसकेको आरोप स्थानीय राजनीतिक विश्लेषकहरूले लगाउँदै आएका छन् । स्थानीय प्रतिनिधि तथा कार्यकर्तामाझ पनि विगतको जस्तो उत्साह नदेखिनु एमालेको संगठनात्मक शक्तिमा कमजोर संकेतको रूपमा हेरिएको छ ।

खास गरी प्रक्रिया छलेर एमाले संसदीय दलका नेता सरोजकुमार यादवले बलजफ्ती गरी रातभरि प्रपञ्च गरेर होटलबाट मुख्यमन्त्रीको सपथ लिएपछि एमालेलाई प्रदेश प्रमुख र सभामुखजस्तो महत्त्वपूर्ण पद मात्रै होइन मुख्यमन्त्री पदबाट पनि हात धुनुपरेको अवस्था छ । यो प्रकरणसँगै नेकपा एमाले मधेस प्रदेशमा एक्लो भएको छ । तत्कालीन सभामुख रामचन्द्र मण्डलको घमण्डीपना र निर्वतमान मुख्यमन्त्री सरोजकुमार यादवको पेलाइले कुनै बेला सँगसँगै रहेको कांग्रेस साथ छाडेर साना साना दलसित हात मिलाएपछि मधेस प्रदेशमा एक नम्बर रहेको दल अहिले टुहुरोजस्तो बन्नुपरेको छ ।

मधेसमा नेकपा एमालेले गरेका क्रियाकलापले पार्टी आफैँलाई आत्मघाती कदम चालेको र यसबाट एमालेलाई दीर्घकालीन रूपमा क्षति पुग्ने राजनीतिक विश्लेषकहरूको भनाइ छ । राजनीतिक विश्लेषक डा. भोगेन्द्र झाले एमाले अध्यक्ष केपी शर्मा ओलीको व्यक्तित्व र नेतृत्वप्रति कडा आलोचना गर्दै भने 'उहाँ न त राष्ट्रवादी हुन्, न त पार्टीका सच्चा नेता । उहाँ पूर्ण रूपमा स्वार्थी हुनुहुन्छ ।' डा. झालेले वर्तमान मुख्यमन्त्री सरोज कुमार यादवको राजनीतिक करियर र चरित्रमाथि पनि प्रश्न उठाउँदै भने, 'एमालेको क्रियाकलाप र प्रमुख नेताहरूको स्वार्थले संघीयताको जननी मधेस प्रदेशलाई अस्थिर बनाएको छ । यसले मधेसीहरूमा संघीयताप्रति वितृष्णा पैदा गरेको छ र संघीयता नै समाप्त पार्ने षड्यन्त्र जारी छ ।'

उनले तत्कालीन सभामुख रामचन्द्र मण्डलको पक्षमा पनि टिप्पणी गर्दै भने 'मण्डल शिक्षक हुन् र संघर्ष गरेर अगाडि आएका व्यक्ति हुन् । तर हालको परिस्थितिमा उनीभित्र राजनीतिक संस्कार समाप्त भएको देखिन्छ । एमाले अहिले गैर लोकतान्त्रिक समूहमा परिणत भएको छ र यो कुरा राजनीतिकर्मीहरूका लागि लज्जाको विषय हो', डा. झालेले मुख्यमन्त्री सरोज कुमार यादवको होटलमा गएर सपथ ग्रहण गर्नुलाई पनि वचकानी हर्कतको संज्ञा दिए । उनले यो कदममा ओलीको प्रतिछाया रहेको बताए । उनले यसलाई अराजनीतिक र अपरिपक्व कदमको रूपमा टिप्पणी गरे ।




यता, राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय उपाध्यक्ष डा. राजीव झाले नेकपा एमालेको कार्यप्रणालीलाई कडा आलोचना गर्दै भने 'एमालेको कार्य गैर-लोकतान्त्रिक, गैर-संवैधानिक र गैर-राजनीतिक छ । यसबाट पद लोलुपताको स्पष्ट संकेत देखिन्छ ।' उनले थपे 'केपी शर्मा ओलीलाई जेनजी आन्दोलनबाट धपाइए पनि उनमा अहिलेसम्म सुधार भएको देखिँदैन । त्यही दम्भ अहिले मधेस प्रदेशमा हावी भएको छ । संघीयताको सुरुआत गरेको मधेस प्रदेशलाई एमालेकै चालले धरापमा पार्ने षड्यन्त्र भइरहेको छ ।'

मधेस आन्दोलनको क्रममा नेकपा एमालेलाई मधेस प्रदेशमा निषेध गरिएको थियो । केपी ओलीको मधेसप्रतिको घृणाजन्य र आवेगपूर्ण बोलीका कारण एमालेलाई मधेस प्रदेशमा प्रवेश गर्न निषेध गरिएको थियो तर केपी ओलीले आफ्नो हठी स्वभावलाई जारी राख्दै आफ्नो जम्बो टोलीसहित सप्तरी प्रवेश गरे । जसका कारण झडप भयो र आधा दर्जन जतिको मृत्यु भएको थियो, जसको घाउ अहिले ताजै रहेको छ ।

मधेस प्रदेशमा नेकपा एमालेका ४१ जना केन्द्रीय सदस्य रहेका छन् भने १ जना केन्द्रीय सचिव रघुवीर महासेठ छन् । एमालेको ११औँ महाधिवेशनका लागि मधेस प्रदेशबाट ३०६ प्रतिनिधि छानिएका छन्, जसमा ३० देखि ३५ प्रतिशत ईश्वर पोखरेल पक्षधर, ३५ देखि ४० प्रतिशत केपी ओली पक्षधर छन् । करिब २० देखि २५ प्रतिशत प्रतिनिधि कुनै पक्षमा पनि खुलेका छैनन् । यस्तो अवस्थामा मधेस प्रदेशमा एमाले विभाजित रहेको देखिन्छ ।

हालैको घटनाको कारण निर्वतमान मुख्यमन्त्री सरोज कुमार यादव र नेकपा एमाले मधेस प्रदेशका प्रमुख सचेतक हरिनारायण महतोबीच तीव्र विवाद देखिएको छ । यादवले होटलमा मुख्यमन्त्रीको सपथ खाँदा प्रमुख सचेतक हरिनारायण महतोले खुलेरै विरोध गरेका थिए । यादवको क्रियाकलापले गर्दा मधेस प्रदेशमा प्रदेश प्रमुखदेखि लिएर सभामुखसम्मको क्षति भएपछि महतो खुलेरै विरोधमा ओर्लेका छन् । अर्कोतर्फ मधेसमा एमालेको प्रभाव कमजोर हुनुमा एमालेबाट जितेका मधेस प्रदेशका सांसदहरू विभिन्न कारणले विवादित बन्दै जानु पनि कारक रहेको छ । एमालेका सांसद लक्ष्मी महतोमाथि मधेस आन्दोलनमा प्रहरी थुमन विकको हत्याको आरोप, सांसद दीपेन्द्र ठाकुरमाथि भ्रष्टाचारको आरोप, सांसद रामचन्द्र मण्डलमाथि पदीय मर्यादा विपरीत काम गरेको भन्दै सभामुख पदबाट हटाइनु, सांसद लखन दासको ग्रामीण क्षेत्रमा गर्ने दादागिरीजस्तो चरित्र र सांसद सरोज यादवले प्रक्रिया मिचेर मुख्यमन्त्री बन्ने जस्तो क्रियाकलापका कारणले मधेस प्रदेशमा एमालेको प्रभाव कमजोर भएको देखिन्छ ।


मधेस प्रदेशमा सुक्खाग्रस्त क्षेत्र घोषणा हुँदा तत्कालीन प्रधानमन्त्रीको रूपमा केपी ओली रहेका थिए । उनी सो समयमा मधेस प्रदेश भ्रमण गरी ठुलाठुला घोषणा गरे पनि अहिलेसम्म कार्यान्वयनमा नआउनु पनि एमालेको जनाधार घट्नुको अर्को कडी हो । आफ्नो शक्तिको दुरुपयोग गर्दै आएका ओलीले घमण्डीपनमा आफनो गिर्दो ग्राफलाई नियाल्नसमेत नसकेपछि मधेस प्रदेशमा एमालेकै कार्यकर्ताहरूमा रोस उत्पन्न हुँदै गएको बुझ्न सकिन्छ ।

सत्ता र पदकै लागि अब राजनीति नचल्ने कुरा जेनजी आन्दोलनले सन्देश दिइसकेको अवस्थामा दलहरूले आफ्नो राजनीतिक चरित्रमा सुधार ल्याउनुपर्ने अवस्था रहेको छ । एमालेका जिम्मेवार नेताहरूले आफ्नो हठी र घमण्डी पारालाई किनारा नलगाएसम्म आफ्नो प्रभावलाई पुनः उठाउन नसक्ने निश्चितजस्तै भएको छ ।



## तपाईंको यो साता (२७ मंसिर-४ पुस, २०८२)






**मेष राशि-(चु,चे,चो,ला,लि,लु,ले,लो,अ):-** यस राशि हुने व्यक्तिका लागि यो साता खराब कर्मतिर मन लाग्नेछ । वादविवाद झै-झगडामा फस्न सकिनेछ । पाचनसम्बन्धी समस्याले सताउनेछ । राज्यबाट अनेक किसिमका अफ्ट्याराहरू आउनेछन् । आयभन्दा खर्च बढी हुनेछ । रक्तचापसम्बन्धी समस्याले सताउनेछ । अपमान तथा भयको सामना गर्नुपर्नेछ ।




**वृष राशि (ई,उ,ए,ओ,वा,वि,वु,वे,वो):-** यस राशि हुने व्यक्तिका लागि यो साता घर परिवारभित्र तनाव बढ्नेछ । रोगले सताउनुका साथै अधिक खर्च बढ्ने देखिन्छ । टाढाको यात्रा प्राप्त भएता पनि यात्रा खर्चिलो, झन्झटिलो हुनेछ । शिरसम्बन्धी समस्याले सताउनेछ । सञ्चित धन नोक्सान हुनुका साथै मानसिक तनाव बढने देखिन्छ ।




**मिथुन राशि (क,कि,कु,घ,ङ,छ,के,को,ह):-** यस राशि हुने व्यक्तिका लागि यो साता आँटेका सम्पूर्ण कार्य सम्पन्न हुनेछन् । विरोधी पक्ष्यहरू परास्त हुनेछन् । मुद्दा मामिलामा विजय प्राप्त हुनेछ । बस्त्र तथा रत्नसम्बन्धी काम कारबाहीबाट लाभ हुनेछ । शरीरमा लागेका रोगहरू बिस्तारै हटेर जानेछन् । राज्यपक्ष्यबाट मानसम्मान प्राप्त हुनेछ । सोचेका कार्य सम्पन्न हुनेछन् । मनोरञ्जनसम्बन्धी कार्यमा समय बित्नेछ ।




**कर्कट राशि (हि,हु,हे,हो,डा,डि,डु,डे,डो):-** यस राशि हुने व्यक्तिका लागि यो साता बोलीमा प्रभावकारिता घट्नेछ । बोलीका कारण वादविवादमा फस्न सकिनेछ । अध्ययनमा अवरोध हुनेछ । मानसिकरूपले अनेक किसिमको भ्रम उत्पन्न हुनेछन् । शारीरिक तथा मानसिक रूपमा शक्तिमा कमीको अनुभूति रहनेछ । सञ्चित धन नोक्सान हुनुका साथैं व्यापार व्यवसायमा नोक्सान बेहोर्न पर्नेछ । सरकारी काम कारोबारमा हानिनोक्सानी ढिलासुस्ती हुनेछ । अध्ययनमा अवरोध, सेयर कारोबारमा हानि, दाम्पत्य सुखमा कमी रहनेछ ।




**सिंह राशि (मा,मि,मु,मे,मो,टा,टि,टु,टे) :-** यस राशि हुने व्यक्तिका लागि यो साता कडा परिश्रम गर्नुका साथैं मानसिक तनाव बढ्नेछ । गृह सुखमा कमी हुनेछ । पुर्ख्यौली घरजग्गामा विभिन्न वादविवाद उत्पन्न हुनेछन् । घरदेखि टाढाको यात्रा गर्दा सावधानी अपनाउनुपर्नेछ । साझेदारी काम गर्दा वादविवादको अवस्था आउन सक्नेछ । घर परीवारमा कलहको अवस्था आउन सक्नेछ । सेयर कारोबारमा नोक्सान बढ्न सक्नेछ ।



**कन्या राशि (टो,प,पी,पू,ष,ण,ठ,पे,पो):-** यस राशि हुने व्यक्तिका लागि यो साता उमंग बढ्नेछ । सरकारी कामकारबाहीबाट सफलता प्राप्त हुनेछ । राज्यपक्ष्यवाट मानसम्मान प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता प्राप्त हुनेछ । विरोधी पक्ष्यहरू सरल तरिकाले परास्त हुनेछन् । व्यापार व्यवसायमा लाभ रहनेछ । साझेदारी काममा फाइदा हुनेछ । आँटेका सम्पूर्ण कार्यहरू सरल तरिकाले सम्पन्न हुनेछन् ।




**तुला राशि (र,री,रु,रे,रो,ता,ति,तु,त):-** यस राशि हुने व्यक्तिका लागि यो साता खराब मान्छेसित तनाव वादविवादमा फस्न सकिनेछ । खराब कुरामा लाग्नुका साथै नकारात्मक कुरामा ध्यान जानेछ । टाउकोसम्बन्धी समस्याले सताउने देखिन्छ । नयाँ किसिमको व्यापार व्यवसाय गर्नु त्यति राम्रो छैन । साझेदारी काम ब्यापारमा नोक्सान बेहोर्नु पर्नेछ । अध्ययनमा अवरोध, सामाजिक कार्यमा मन नलाग्ने हुनेछ ।




**वृश्चिक राशि (तो,न,नी,नू,ने,नो,या,यि,यू):-** यस राशि हुने व्यक्तिका लागि यो साता आर्थिक रूपमा समस्या हुनेछ । अपमानको सामना गर्नुपर्नेछ । रोगले सताउनेछ भने शरिर कमजोरी महसुस हुनेछ । आँटेका सोचेका कार्यहरू अवरोध हुनेछ । ईष्टमित्र दाजुभाइसित वादविवाद बढ्नुको साथै मानसिक चिन्ता बढ्नेछ । अध्ययन कार्यमा असफलता हुनेछ । सेयर कारोबारमा नोक्सान हुनेछ । प्रेम तथा दाम्पत्य जीवनमा खटपट बढ्नेछ ।




**धनु राशि (य,यो,भा,भि,भू,ध,फा,ढ,भ):-** यस राशि हुने व्यक्तिका लागि यो साता देश विदेशको यात्रा गर्नुपर्नेछ । हरेक कार्यमा आयआर्जनमा हानि हुनेछ । आयभन्दा खर्च बढी हुनेछ । रोग ब्याधीमा सताउनुपर्नेछ । पेटसम्बन्धी समस्याले सताउने देखिन्छ । सरकारी काम कारबाहीमा अनेक किसिमका ढिलासुस्ती हुनेछ । मुद्दा मामिलामा हार हुनेछ । समाजमा डर बढ्ने देखिन्छ । अध्ययनमा मन नलाग्ने, सेयर कारोबारबाट नोक्सान, प्रेम तथा दाम्पत्य जीवनमा खटपट बढ्नेछ ।



**मकर राशि (भो,जा,जी,खी,खू,खे,खो,गा र गी):-** यस राशि हुने व्यक्तिका लागि यो साता आर्थिक पक्ष्य मजबुत हुँदै जानेछ । सरकारी पक्ष्यबाट मानसम्मान पाउने देखिन्छ । रोकिएका सम्पूर्ण कार्य सम्पन्न हुनेछन् । अध्ययनमा सफलता हुनेछ । आर्थिक पक्ष्य मजबुत हुँदै जानेछ । सरकारी सेवामा रहनेहरूलाई पदोन्नति हुनेछ । सेयर कारोबारबाट लाभ रहेको छ ।



**कुम्भ राशि (गू,गे,गो,स,सी,सू,से,सो,द):-** यस राशि हुने व्यक्तिका लागि यो साता सञ्चित धन वृद्धि हुनेछ । राज्यपक्ष्यबाट मानसम्मान प्राप्त हुनेछ । साझेदारी कामबाट लाभ हुनेछ । रोकिएका सम्पूर्ण कार्यहरू सम्पन्न हुनेछन् । सरकारी क्षेत्रमा रहनेलाई मानसम्मान पदोन्नति हुनेछ । अध्ययनमा सफलता प्राप्त हुनेछ । प्रेममा सफलता, घरगृहस्थीको सुख प्राप्त हुनेछ । सेयर कारोबारबाट लाभ हुनेछ ।



**मीन राशि (दी,दू,थ,झ,ञ,दे,दो,च,ची) :-** यस राशि हुने व्यक्तिका लागि यो साता अध्ययनमा अवरोध हुनेछ । खराब संगतको कारण झुठा आरोप लाग्न सक्नेछ । बिनाकारण अपमान सहनुपर्नेछ । रोगको कारण मनमा अशान्ति उत्पन्न हुनेछ । बढी परिश्रमका कारण आँटेका सम्पूर्ण कार्यहरू सम्पन्न हुनेछन् । सेयर कारोबारमा नोक्सान । वैदेशिक यात्रा प्राप्त हुनेछ ।



ज्यो. दुर्गाप्रसाद उपाध्याय
फो नं. ९८४१३७१८९७,
कोटेश्वर, काठमाडौं
ईम्ल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

चिना टिप्पणी बनाउन, हस्तरेखा हेर्न, ग्रहदशा हेर्न, घरको वास्तु हेर्न, ग्रहशान्ति, मांगलिक कार्य, पूजा पाठ गर्न परेमा सम्पर्क गर्नुहोला ।

# केपी कमरेडले अब पनि अध्यक्ष भएर नेतृत्व गर्दा समस्या झन् झांगिन्छन्



आजैबाट सुरु भएको नेकपा(एमाले)को ११औं महाधिवेशनमा नेतृत्व चयनको विषय अहिले निकै चर्चामा छ। ११ वर्ष पार्टीको सत्ता एकछत्र चलाएका अध्यक्ष केपी ओलीसँग प्रतिस्पर्धा गर्दै छन् वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल। पोखरेलले यसअघिका दुई वटा महाधिवेशनमा ओलीलाई आफ्नो बुताले भ्याएसम्म सहयोग गरे। संयोग नै मान्नुपर्छ, ईश्वर पोखरेल जुन कित्तामा उभिए त्यही संस्थापन बन्यो। तर, अहिले पोखरेल केबल कित्तामा मात्र उभिएका छैनन्। सिंगै पार्टीको लोकतान्त्रिक रूपान्तरण र पूस्तान्तरणको स्पष्ट खाका लिएर आएका छन्। प्रस्तुत छ, एमाले महाधिवेशनकै सेरोफेरोमा रहेर सौर्य दैनिकका लागि चमिना भट्टराईले पोखरेलसँग गरेको संवादको मुख्य अंश :-

**ईश्वर पोखरेल**, बरिष्ठ उपाध्यक्ष, नेकपा (एमाले)

**तपाईंले पार्टीमा ७० वर्षे उमेर हद र २ कार्यकालको वकालत गर्दै आउनुभएको छ। यो हिसाबले त तपाईं पनि अवकाशको उमेरमा हुनुहुन्छ। यस्तो बेला किन अध्यक्षको उम्मेदवार बन्नुभयो ?**

-पहिलो कुरा पार्टीजीवनको लोकतान्त्रीकरणको प्रस्ताव हो। जसले यो नियम बनाए उनैले हटाए। अहिले पनि नयाँ पुस्ता र पार्टीका ठुलो संख्यामा रहेका सदस्यले यो मुद्दा उठाउँदै आएका छन्। २ कार्यकाल र ७० वर्ष उमेर हदको कुरा पार्टीको विधान महाधिवेशनले पारित गरेको थियो। तर, पछिल्लो समयमा ७० वर्षको हद अनुकूल नहुने भनियो। यो उमेर सीमा हटाउँदा धेरै साथीहरू एमालेमा नआउने अवस्था देखियो। खास गरेर समाजवादीमा रहेका साथीहरू पनि एमालेमा फर्कने अवस्था आउँछ भनेर यसमा ७० वर्षको राजनीतिक बन्देज गर्नु हुँदैन भन्ने भयो। यसमा के पनि हो भने, कोही युवा अवस्थामा पनि धेरै काम नगर्ने हुन्छन्, कोही उमेर भएर पनि सक्रिय काम गर्ने हुन्छन् भन्ने छलफल चल्दै थियो र यो आयो। म त्यत्ति बेला पनि व्यक्तिगत रूपमा यो कायम हुनपर्छ भन्ने पक्षमा थिएँ। तर सबै कुरा व्यक्तिगत हुँदैन। पार्टीले निर्णय गरेकाले मैले पनि मान्नै पर्छ।

**तर, अहिले त उमेरहद र कार्यकाल दुवै हटेको छ, होइन र ?**

-दुई कार्यकाल भनेको लगातार कार्यकारी पदमा कुनै पनि व्यक्तिले तेस्रो कार्यकाल निरन्तर रहनु हुँदैन भन्ने हो। तर, पछिल्लो समयमा यो मतामतकै अवस्थामा पारित गरियो। यसमा पनि जहाँबाट आयो त्यहीँबाट हट्यो। म अहिले पनि भन्छु त्यो कायम हुनपर्छ। ७० वर्षे सीमाको राजनीतिक अर्थ रहला भन्ने लाग्दैन। मान्छे स्वस्थ्य र सक्रिय छ भने काम गर्ला। तर, एउटै व्यक्ति २ कार्यकालभन्दा बढी पदमा बस्दा भने, यसको राजनीतिक अर्थ लाग्छ। विभिन्न समस्याहरू आउँछन्। त्यस कारणले सीमा राख्नुपर्छ भन्ने मेरो अडान आज पनि छ। अहिले उमेर हद पनि हटाइएको छ। यस्तो अवस्थामा मैले अध्यक्षका लागि उम्मेदवार बन्ने घोषणा गरेको हुँ। २ कार्यकालमा म दृढ छु, यो हुनै पर्छ।

**तपाईंले आठौँ महाधिवेशनमा झलनाथ खनाललाई समर्थन गर्नुभयो। नवौं र १०औंमा केपी ओलीलाई समर्थन गर्नुभयो। आज आफैँले सहयोग गरेर अध्यक्ष बनाएको व्यक्तिसँग प्रतिष्पर्धा गर्दै हुनुहुन्छ। यस्तो अवस्था आउला भन्ने लागेको थियो ?**

-म जहिले पनि आफ्नो मिसनमा काम गर्ने मान्छे हुँ। मैले आठौं राष्ट्रिय महाधिवेशनमा माधव नेपालले प्रभावकारी ढंगले पार्टीको नेतृत्व गर्न नसक्ने अवस्था देखेपछि झलनाथ खनाललाई सहयोग गरेँ। उहाँले वैचारिक र वौद्धिक ढंगले पार्टीमा काम गर्न आवश्यकता छ भन्ने मेरो बुझाइ थियो। त्यो आवश्यकता उहाँले पूरा गर्नुहुन्छ भन्ने लागेर सहयोग गरेँ। त्यतिबेला घोषितरूपमा नै मैले झलनाथलाई समर्थन गरेको हो। पछिल्लो कालमा के देखियो भने, पार्टीलाई नेतृत्व गर्ने सवालमा उहाँमा पनि समस्या रहेछ भन्ने थाहा भएपछि नवौं महाधिवेशनमा मैले केपी कमरेडलाई साथ दिएँ। केपी कमरेड सातौं राष्ट्रिय महाधिवेशनदेखि नै पार्टीको प्रमुख नेता बन्न खोजिरहनुभएको थियो। उहाँले चाहेको जस्तो अवस्था भएको थिएन। आठौंमा उहाँ अध्यक्षमा पराजित हुनुभयो। झलनाथमा पनि सांगठनिक हिसाबले नेतृत्व गर्ने सवालमा समस्या हुने रहेछ भनेर नवौंमा मैले केपी ओलीलाई अवसर दिनुपर्छ भनेर सहयोग गरेँ। १० औंमा पनि गरेँ। अहिले अवस्था फेरियो। केपी कमरेड झापा आन्दोलनदेखि पार्टीमा लाग्नुभएको मान्छे हो। अहिले अस्वस्थ हुनुहुन्छ। तर, पार्टीलाई चलाएर ल्याउनुभयो। उहाँका कैयौं कुरा मलाई मन पनि पर्थ्यो र समर्थन गरेको हो। १०औंको अवस्था फरक रह्यो। पार्टी नै विभाजन भयो। त्यस्तो अवस्थामा पार्टीलाई बचाउनुपर्ने थियो। त्यसकारण फेरि केपी कमरेडलाई नै निरन्तरता दिउँ भनेर सहयोग गरेँ। राजनीतिमा यस्ता अवस्था आइरहन्छ र भइ पनि रहन्छ।

**११औँ मा आइपुग्दाचाहिँ अवस्था त्यो रहेन !**

-अब केपी ओलीले के बुझ्नुपर्छ भने उहाँ ११ वर्ष पार्टी अध्यक्ष हुनुभयो। संविधान जारी भएपछिको १० वर्षको अवधिमा पटकपटक गरेर ६ वर्ष प्रधानमन्त्री हुनुभयो। यो उहाँले पाएको सानो र थोरै अवसर होइन। यो अवधिमा उहाँले गर्नसक्ने राम्रा कुरा गर्नुभयो। उहाँले गर्ने योगदान सबै मुलुकले प्राप्त गरिसकेको छ। अब फेरि उहाँले गर्न केही बाँकी होला भन्ने लाग्दैन। अब भने उहाँको उँधौली सुरू हुँदै छन् भन्ने लाग्छ। लामो समय पार्टी र राज्य सत्तामा रहँदा उहाँका कमजोरीहरू प्रशस्त देखा पर्न थाले। ती कमजोरीहरू एकपछि अर्को निरन्तर झांगिँदै छन्। यस्तो अवस्थामा उहाँलाई निरन्तरता दिनु भनेको उहाँको अहित हुन्छ। पार्टी र हामीले अहिलेसम्म गरेको आन्दोलन र देशको नै अहित हुन्छ। त्यसैले अब उहाँले आफ्नो भूमिकाबाट बिदा भएर नेतृत्व हस्तान्तरण गर्नुपर्छ। पार्टी भनेको एउटैले चलाउने होइन। योग्य अरूले पनि पालो पाउँछ र पाउनुपर्छ। त्यसैले उहाँले अहिले आफैं सहज वातावरण बनाउँदा उहाँको सम्मान हुन्छ र वातावरण पनि राम्रो हुन्छ।

**त्यसो भए केपी ओली नेतृत्वमा रहनु भनेको एमालेका लागि हितमा छैन भन्ने हो ?**

-त्यसो पनि होइन। केपी ओली अब पृथक भूमिकामा रहनुपर्छ भन्ने हो। यसको मतलव हो, अब उहाँ पार्टीको अभिभावक र पार्टीको संरक्षक भएर रहनुपर्छ। त्यसो गर्दा उहाँको उचाइ अझै बढ्छ। उहाँ अब पार्टीको अध्यक्ष वा नेता होइन, पार्टीको सम्मानित नेताका रूपमा रहनुपर्छ। उहाँले त्यो ठाउँमा रहेर भूमिका खेल्नुपर्छ। अब पनि उहाँ हिजोदेखिको पूर्ववत भूमिकामा रहने कुराले पार्टीलाई लाभ पुग्दैन। यसले मुलुकलाई पनि लाभ पुग्दैन भन्ने लागेको छ। उहाँले पुऱ्याउने लाभ पुऱ्याइसक्नुभयो। अब अभिभावक हुने र अरूलाई काम गर्ने बाटो छोडी दिनुपर्छ। अबको राजनीतिमा उहाँको नेतृत्व आवश्यक छैन। एउटा अभिभावक भएर सल्लाह सुझाव दिएर बस्नु उहाँका लागि ठिक हुन्छ। अब पार्टीमा अरूले पनि योगदान पुऱ्याउने गरी काम गर्ने वातावरण उहाँले हो बनाउने।

**अहिले ओलीविरूद्ध जो उभिन्छ उसको नियति भीम रावलको झैँ बन्छ भन्ने आमबुझाइ छ। यस्तो अवस्थामा ओलीसँग प्रतिस्पर्धा गर्दा त्यही अवस्था होला भन्ने लाग्दैन ?**

-त्यसमा के बुझ्नुपऱ्यो भने हाम्रो पार्टीमा प्रतिस्पर्धालाई स्वभाविक र पार्टी जीवनको लोकतान्त्रीकरणको सुन्दर पक्षका रूपमा लिने गरेका छौं। महाधिवेशन भनेकै नीति र नेतृत्वका बारेमा छलफल गरी निष्कर्षमा टुंगिने ठाउँ हो। त्यसैले प्रतिस्पर्धा गर्दैमा पार्टी नै छोड्नुपर्छ, टिक्नै दिनहुन्न भन्ने मानसिकताबाट मुक्त हुनुपर्छ। अर्को कुरा, प्रतिस्पर्धा गरिरहँदा त्यसको परिणामलाई स्वीकार गर्ने आँट गर्नुपर्छ। प्रतिस्पर्धा गरेपछि विजय भए खुसी हुने, विजयी नभए दुःखी भएर स्वीकार गर्न नसक्ने संस्कार बदल्नुपर्छ। म त्यसमा पुरै सचेत छु र राजनीतिक रूपमा प्रस्तुत भएर त्यसको परिणाम स्वीकार गर्न तयार छु। अर्को कुरा को कोसँग प्रतिस्पर्धा गर्न हुने, कसले कोसँग गर्न नहुने भन्ने छैन। केपी कमरेडले पनि आठौंमा हार्नुभएकै हो, नवौंमा कडा प्रतिस्पर्धा गरेर आएकै हो। पार्टीमा उहाँले प्रतिस्पर्धा गर्न हुने, अरूले नहुने भन्ने छैन। फलानाले फलानासँग मात्रै प्रतिस्पर्धा गर्न पाउँछ भन्ने छैन। कसैलाई त्यस्तो लागेको छ भने त्यो गलत हो। प्रतिस्पर्धाबाट श्रेष्ठता कायम गर्नपर्छ। यो जबज संगत पनि छ।

**एमालेको महाधिवेशन समयभन्दा १ वर्ष पहिला नै गर्नुमा भदौ २३ र २४ को जेनजी आन्दोलनको प्रभाव पनि हो। तपाईंको उम्मेदवारीले त्यो आन्दोलनले उठाएका रूपान्तरण र पुस्तान्तरणको एजेन्डा सम्बोधन गर्छ ?**

-महाधिवेशन अगाडि सार्नुमा सामान्यतया अध्यक्ष केपी ओलीले २०८४ सालमा निर्वाचन हुन्छ, त्यति बेला गर्दा असर गर्छ, पहिला नै गरौं भन्ने तर्क दिनुभयो। तर, त्यो तर्कसँगै उहाँले आफ्नो हिसाबले पार्टीको नेतृत्वमा कसलाई ल्याउने कसलाई हटाउने भन्ने योजना पनि थियो होला। चुनावको कुरा मात्रै होला भन्ने लाग्दैन। पार्टीलाई पुनर्व्यवस्थित गर्ने नाममा त्यो योजना थियो कि ! तर, उहाँले चुनावको मुखमा गर्नुभन्दा अगाडि गरौं भनेर अगाडि सार्ने प्रस्ताव ल्याउनुभयो, त्यसलाई हामीले समर्थन गऱ्यौं। केही हदसम्म जेनजी आन्दोलनको प्रभाव पनि हुनसक्छ। जेनजी आन्दोलनमा उठेका राम्रा कुरालाई हामीले समर्थन गर्नुपर्छ। जेनजीका मुद्दा र एजेन्डामा उहाँ(ओली)का धारणा मैले भन्न पर्दैन।

**तपाईंले भनेअनुसार महाधिवेशन अगाडि सार्नु ओलीको सेल्फल्यान्डिङ हो कि आफ्ना मान्छेको व्यवस्थापन त ?**

-महाधिवेशन अगाडि गर्दा चुनावमा त्यसको धङधडी नपरोस् भन्ने हो। त्यसमा हामी पनि सहमत भएका हौं। अर्को कुरा उहाँले आफ्नो हिसाबले पार्टीको नेतृत्वमा कसलाई ल्याउने कसलाई हटाउने योजना पनि थियो होला भन्ने लाग्छ। उहाँका शैली र तरिका हेर्दा त्यस्तै देखिन्छ। तर, चुनावकै कारण भए त पछि पनि गर्न सकिन्थ्यो। चुनाव फागुनमा हुँदै छ। त्यसैले यो विषयमा यही भन्ने अवस्था छैन। जेनजी आन्दोलनले उठाएअनुसार भए अब पुस्तान्तरण र हस्तान्तरणमा जाने बेला आएको छ।

**जेनजीले उठाएका पुस्तान्तरण र रूपान्तरणको मुद्दा महाधिवेशनले सम्बोधन गर्नेमा कत्तिको विश्वस्त हुनुहुन्छ ?**

-जेनजीका सुशासन, भ्रष्टाचार विरूद्धका मुद्दा राम्रा थिए। अब जहाँसम्म मेरो उम्मेदवारी र जेनजीका एजेन्डा छन्, समयले मागेको र खोजेको कुरा हामीले आत्मसात गर्नुपर्छ। अर्को कुरा आमरूपमा महाधिवेशनमा प्रतिनिधि बनेर आउनुभएका कमरेडहरूमा पार्टीलाई पुनर्गठित र पुनर्व्यवस्थित गर्नुपर्छ भन्ने छ। विचारमा, संगठनमा पुनर्गठन गर्नुपर्छ र कार्यसम्पादन गर्ने शैलीमा पुनर्गठन गर्नुपर्छ भन्ने पक्षमा हुनुहुन्छ प्रतिनिधिहरू। ती कुरा पनि धेरै जेनजीका एजेन्डामा मेल खान्छन्। त्यसकारणले यो मुद्दा पार्टी जीवनसँग जोडिएको छ। यो पार्टीको अग्रगति र प्रगतिसँग गाँसिएको मुद्दा भएकाले महाधिवेशनले त्यस अनुसारको निर्णय गर्नेमा मलाई विश्वास छ। अहिले आएका धेरै प्रतिनिधि पार्टीलाई पुनः नयाँ ढंगबाट पुनर्गठित गरी लानुपर्छ भन्ने सोचका साथ आउनुभएको छ। उहाँहरूको भावनाअनुसार महाधिवेशनले निर्णय गर्नेछ। तलतलसम्म जनताको चाहना र भावना के छ भन्ने बुझेका प्रतिनिधि आउनु भएकाले उहाँहरूले त्यो भावनाअनुसार फैसला गर्नुहोला।

**महाधिवेशनमा तपाईंको एजेन्डाचाहिँ के हो ? पार्टीको अध्यक्षमा जित्ने आधारहरू के छन् ?**

-मैले विजय प्राप्त गर्ने आधार के हो भने म लोकतान्त्रीकरणको स्प्रिरिटमा पार्टीलाई अगाडि लैजान चाहन्छु। जनताको बहुदलीय जनवाद र पार्टी जीवनको लोकतान्त्रीकरण भनेको हाम्रो लागि गाइडलाइन हो। यो गाइडलाइनबाट पार्टीलाई अगाडि बढाउन चाहन्छु। मैले पार्टीलाई सामूहिक नेतृत्वका आधारमा सञ्चालन गर्नुपर्छ भन्दै आएको छु। पार्टीलाई विधि र पद्धतिका आधारमा सञ्चालन गर्नपर्छ। पार्टीभित्र नेतृत्व परिवर्तनको प्रक्रियालाई स्वभाविक रूपमा हन्तान्तरण गर्ने अवस्था बनाउनुपर्छ। पार्टीमा नियन्त्रण र सन्तुलनको विधिलाई स्थापित गराउनुपर्छ। यसलाई मर्न दिनु हुँदैन। यस बीचमा मैले माथि भनेका कुराहरू कमजोर भए। कैयौं कुराको समीक्षा गर्नुपर्ने थियो, भएन। सिंगै पार्टी नै क्लबजस्तो भयो भन्ने खालका कुरा आए। भएको पनि त्यस्तै छ। पार्टी प्राइभेट कम्पनीजस्तो बन्न दिनु हुँदैन। राजनीतिक पार्टी, त्यसमा पनि कम्युनिस्ट पार्टी यसरी चल्दैन। त्यस कारणले विधि र पद्दतीअनुसार चलाउने, सामूहिक नेतृत्वका आधारमा चलाउने, नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई पालना गर्ने र नेतृत्व हस्तान्तरणको कुरालाई संस्थागत प्रकृयाको अंग बनाउने मेरो मान्यता हो। मैले आफ्ना एजेन्डा प्रष्ट रूपमा पार्टीलाई हित हुने गरिराखेको छु त्यसमा प्रतिनिधिले विचार गर्नेछन्।

**एमालेमा विगतका महाधिवेशनमा तलसम्म वैचारिक छलफल हुन्थ्यो। तर, अहिले प्रतिनिधि छनौटमा नै देखिएका कैयौं असहज अवस्थाले महाधिवेशनमा तपाईंको प्रस्तावमा छलफल हुन्छ भन्ने लाग्छ ?**

-छलफल हुन्छ। हुनुपर्छ। यदि भएन भने पनि हामी त्यो प्रस्ताव सबै प्रतिनिधिलाई वितरण गर्छौं। देशभरबाट आएका प्रतिनिधिले त्यसमा आफ्ना राय र विचार दिनुहुन्छ। मैले पार्टीमा बुझाएको प्रस्ताव प्रतिनिधिका बीचमा वितरण गरिन्छ। त्यसलाई कसले रोक्छ ? त्यसलाई रोक्न मिल्दैन। हामी प्रतिनिधिका बीचमा पुऱ्याउँछौं।

**प्रतिनिधि छनौटमै कैयौं स्थानमा समस्या देखिए। यस्तो अवस्थामा महाधिवेशन तपाईंले भनेजस्तो स्वस्थ होला ?**

-हो, केही स्थानमा प्रतिनिधि छनौटमा अस्वस्थ गतिविधि भएको छ। त्यो पनि केन्द्रबाट निर्देशित ठाउँमा अस्वस्थता भयो। त्यस बारेमा पनि महाधिवेशनमा आउने प्रतिनिधिले गम्भीर रूपमा कुरा उठाउनुहुनेछ। हामी कुनै हालतमा महाधिवेशन स्वस्थ र मर्यादित बनाउनुपर्छ भन्नेमा सचेत छौं। हाम्रो प्रस्तुति र व्यवहार त्यसैअनुसार हुनेछ। प्रतिनिधिको विवेकअनुसार स्वस्थरूपमा नेतृत्व चयन हुनेमा म ढुक्क छु। महाधिवेशनमा आउनुभएका प्रतिनिधि सार्वभौम अधिकार सम्पन्न हुन्छन्। त्यसअनुसार उहाँहरूलाई अधिकार दिनुपर्छ।

**१०औँ महाधिवेशनका प्रतिनिधि पनि सार्वभौम थिए। वातावरण त्यो अनुसार भएको देखिएन नि !**

-१०औं महाधिवेशन र अहिलेको परिस्थिति पृथक् छ। त्यतिबेला पृथक के थियो भने, पार्टी घेराबन्दीमा परेको र वरिष्ठ नेताहरूले पार्टी छोडेको अवस्थामा पार्टी बचाउनुपर्ने अवस्था थियो। तर, त्यसबेला पनि निर्वाचन त भयो।

**केपी ओलीको सर्वासत्तावादी शैलीलाई महाधिवेशनले चिर्न सक्छ भन्ने लाग्छ ?**

-अहिले नेतृत्व परिवर्तन गर्नुपर्छ भन्ने कुरो उठिरहँदा के बुझ्नुपर्छ भने, राष्ट्रिय महाधिवेशन यस्तो वैधानिक प्लेटफर्म हो, जुन वैधानिक प्लेटफर्म नीतिमा परिर्वत, नेतृत्वमा परिवर्तन गर्ने थलो हो। यो वैधानिक प्लेटफर्ममा सबै कुरा उठ्छन्, उठाउनुपर्छ। त्यसकारणले यस बीचमा जे जति समस्याहरू देखा परे, पार्टीलाई पार्टी जीवनको लोकतान्त्रिक स्प्रिरिटअनुसार चलाउन नसक्दा, सञ्चालन गर्न नसक्दा समस्या भएका हुन्। जस्तो, विचार र व्यवहारमा समानता हुनुपर्छ। विचार सुन्दर लिने, व्यवहार अर्कै हुने, तथ्य एउटा हुन्छ सत्यको घोषणा अर्कै हुन्छ। अर्को, कमी कमजोरी सबैको हुन्छ, त्यसको आलोचना आत्मआलोचनाको कुरा गरौं भन्यो भने त्यो चाहिँदैन, त्यसले कम्युनिस्ट पार्टीलाई कमजोर बनाउँछ भनिन्छ। जनतामा जाने, जनताबाट सिक्ने कुरा हुन नदिने। यस्तो कुराले पार्टीमा गलत शैली हावी हुन्छ। त्यो गलत शैलीका कारणले पार्टीलाई र सुन्दर विचारलाई जनताका बीचसम्म पुग्न दिँदैन। यी कुरा पार्टी पंक्तिले बुझेकाले महाधिवेशनले चिर्छ भन्नेमा विश्वास छ।

**गत बुधबार तपाईंले सम्पादकहरूसँग कुरा गर्दै ओलीले आफू छोडेर अरू कसैलाई अगाडि सारे सहमति हुनसक्ने बताउनुभयो। यसबारे थोरै प्रष्ट पारिदिनुस् न ?**

-उहाँले अहिले पनि पार्टीको हितमा हेर्ने हो भने, त्यो गर्नुपर्छ। वास्तवमा आफू होइन, आफू अभिभावक संरक्षकको भूमिकामा रहेर निश्चित साथीलाई प्रस्ताव गर्नुभयो भने, त्यो सकारात्मक हुने छ। केपी कमरेडले पार्टीको अध्यक्ष भएर अब पनि एमालेको नेतृत्व गर्ने कुरा भयो भने समस्या झन् झन् झांगिन्छ। अनेक प्रकारका समस्या पैदा हुन्छ भन्ने लाग्छ। यसमा उहाँले नेतृत्व छोड्नुपर्छ। त्यसपछि महाधिवेशनले नयाँ नेतृत्व छान्छ। यसमा म प्रष्ट छु। उहाँले छोडेर कसैलाई अगाडि सार्दा मेरो कुनै समस्या छैन।

**तपाईं एमालेको अध्यक्ष निर्वाचित हुनभयो भने पार्टीको लोकतान्त्रीककरण र रूपान्तरण कस्तो होला ?**

-मुख्य मुद्दा नै यही हो। मेरो अवधारणा पत्रमा पनि मैले यही कुरा उल्लेख गरेको छु। पार्टीभित्रको आन्तरिक लोकतन्त्रलाई प्रभावकारी बनाउन जरूरी छ। पार्टीलाई अहिलेको समय अनुसार चलाउनुपर्छ। पार्टी जीवनलाई लोकतान्त्रीकरण बनाउनुपर्छ। पार्टी जीवनको लोकतान्त्रीककरण भनेको पार्टी नेतृत्व हस्तान्तरणको सन्दर्भमा पारदर्शी र विधिसम्मत प्रक्रिया अगाडि बढाउनुपर्छ। दोस्रो कुरा, सामूहिक नेतृत्व प्रणालीलाई स्थापित गर्नपर्छ। यो अहिले कमजोर बनेको छ। विधि र पद्धति अनुसार पार्टी सञ्चालन गर्नै पर्छ। अर्को कुरा पार्टीभित्र होस् वा संसदीय क्षेत्र, नियन्त्रण र सन्तुलनको विधि अपनाउनुपर्छ। त्यसो भएन भने न पार्टी चल्छ र परिवार। नत्र अधिनायकवाद र स्वेच्छाचारी सुरू हुन्छ। यस विषयमा म प्रष्ट छु। यी कुराहरूलाई संस्थागत गर्न सकियो भने पार्टी लोकतान्त्रिक हुन्छ र समयको माग रूपान्तरण पुस्तान्तरण पनि हुँदै जान्छ। त्यसैले म एमालेलाई मजबुत बनाउने, समूहिकतामा चल्ने सबैको पार्टी बनाउने कुरामा दृढ छु। म सबै आन्तरिक लोकतन्त्रको पक्षमा रहेको र जबजको सिद्धान्तमा प्रतिवद्ध भएकाले पार्टीको लोकतान्त्रीककरण र रूपान्तरण मेरो नेतृत्वमा पूरापूर हुने छ।

**पार्टीको पूर्वउपाध्यक्ष विद्या भण्डारीको पार्टी सदस्यता नै एमालेका लागि पेचिलो बन्यो। ११औँ महाधिवेशनले उहाँको पुनर्स्थापना गराउला ?**

-वास्तवमा यो विषय यसरी उठाइनुपर्ने थिएन। उहाँ पार्टीको पुरानो नेता हो। लामो समय यो पार्टी निर्माणमा लागेको व्यक्ति पार्टीकै निर्णयमा खास काममा जानुभयो। आफ्नो जिम्मेवारी पूरा गरेर आउनुभयो। जो कोहीले त्यसरी फर्केर आए पछि पार्टीको जिम्मेवारी पाउनुपर्छ। उहाँलाई राज्यको संविधानले रोक्दैन, पार्टीको विधानले रोक्दैन। त्यति मात्रै होइन, अन्तर्राष्ट्रिय प्राक्टिसले पनि रोक्दैन। जब व्यक्तिले चाहन्छ भने, त्यसलाई रोक्न मिल्दैनथ्यो। उहाँको सदस्यता नवीकरण रोक्नु उचित थिएन। तर, पार्टी अध्यक्ष केपी ओलीले पटकपटक भन्नुभएको थियो उहाँ राजनीतिमा आउन सक्नुहुन्छ, नेता बन्न सक्नुहुन्छ। तर पछि फेरि उहाँले नै पार्टीमा आउन मिल्दैन भनेर रोक्नुभयो। यो स्वेच्छाचारी कुरा हो। यसलाई मैले पार्टीको केन्द्रीय कमिटी बैठकमा पनि उठाएँ। यो एमालेभित्र फेरि पनि बहसको विषय बन्छ। आउने दिनमा एजेन्डा बन्छ र यसको बारेमा नयाँ ढंगले निर्णय हुन्छ। पार्टीको सिंगो पंक्ति उहाँ पार्टीको सक्रिय राजनीतिमा आउनुपर्छ भन्नेमा छ। त्यसैले यो विषयमा प्रतिनिधिले पुनर्विचारका लागि दबाब दिनेछन्।

**यो महाधिवेशनमा उहाँ (विद्या भण्डारी)को भूमिका के छ ?**

-उहाँ पार्टी जीवनको लोकतान्त्रीकरणको पक्षमा हुनुहुन्छ। जबजबाट पार्टी निर्देशित हुने कुरामा दृढतापूर्वक उभिनुपर्छ भन्ने उहाँको मान्यता छ। त्यस कारणले उहाँको भूमिका सकारात्मक हुन्छ। नेतृत्व परिवर्तन गर्ने, पुनर्व्यवस्थित र पुनर्गठित गर्ने कुरामा उहाँ चिन्तित हुनुहुन्छ र त्यसमा बल पुगोस् भन्ने चाहनुहुन्छ। उहाँले त्यसैका आधारमा बाहिर रहेर पनि आफ्नो भूमिका निर्वाह गर्नुहुनेछ। उहाँको जोड नेतृत्व परिवर्तन र पार्टीमा आन्तरिक लोकतन्त्रको कुरामा छ। नेताले कार्यकर्ताको कुरा सुन्ने र भावना बुझ्ने पार्टी बन्नपर्छ भन्ने उहाँको धारणा छ।

**महाधिवेशनमा पराजित हुनुभयो भने के गर्नुहुन्छ ?**

-महाधिवेशनमा अध्यक्षमा पराजित भए पनि मलाई एमाले हुनबाट कसैले रोक्न सक्दैन। जुन अवस्थामा भए पनि एमाले भइरहन्छु। त्यसबाट मलाई कसैले रोक्न सक्दैन। मेरो कुरा के भने, देशभरबाट आउनुभएका प्रतिनिधि कमरेडहरूले यो ऐतिहासिक महाधिवेशनमा महत्त्वपूर्ण भूमिका खेल्नेछन्। त्यो भनेको नेतृत्व पुनर्व्यवस्थित गर्ने, विचारको पुनर्व्यवस्थित, कार्यशैली र कार्य सम्पादन पुनर्व्यवस्थित गर्ने काममा उहाँहरूको भूमिका सकारात्मक र निर्णायक हुनुपर्छ।

---

७० वर्षे सीमाको राजनीतिक अर्थ रहला भन्ने लाग्दैन। मान्छे स्वस्थ्य र सक्रिय छ भने काम गर्ला। तर, एउटै व्यक्ति २ कार्यकालभन्दा बढी पदमा बस्दा भने, यसको राजनीतिक अर्थ लाग्छ। त्यस कारणले सीमा राख्नुपर्छ भन्ने मेरो अडान आज पनि छ।

oooo

लामो समय पार्टी र राज्य सत्तामा रहँदा उहाँ (केपी ओली) का कमजोरीहरू प्रशस्त देखा पर्न थाले। ती कमजोरीहरू एकपछि अर्को निरन्तर झांगिँदै छन्। यस्तो अवस्थामा उहाँलाई निरन्तरता दिनु भनेको उहाँको अहित हुन्छ। पार्टी र हामीले अहिलेसम्म गरेको आन्दोलन र देशको नै अहित हुन्छ।

oooo

महाधिवेशन भनेकै नीति र नेतृत्वका बारेमा छलफल गरी निष्कर्षमा टुंगिने ठाउँ हो। त्यसैले प्रतिस्पर्धा गर्दैमा पार्टी नै छोड्नुपर्छ, टिक्नै दिनहुन्न भन्ने मानसिकताबाट मुक्त हुनुपर्छ। अर्को कुरा, प्रतिस्पर्धा गरिरहँदा त्यसको परिणामलाई स्वीकार गर्ने आँट गर्नुपर्छ।

ooo

अहिले तलतलबाट आएका धेरै प्रतिनिधि पार्टीलाई पुनः नयाँ ढंगबाट पुनर्गठित गरी लानुपर्छ भन्ने सोचका साथ आउनुभएको छ। उहाँहरूको भावनाअनुसार महाधिवेशनले निर्णय गर्नेछ।

oooo

विधि र पद्दतीअनुसार सामूहिक नेतृत्वका आधारमा चलाउने। नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई पालना गर्ने र नेतृत्व हस्तान्तरणको कुरालाई संस्थागत प्रकृयाको अंग बनाउने मेरो मान्यता हो। मैले आफ्ना एजेन्डा प्रष्टरूपमा पार्टीलाई हित हुने गरी राखेको छु, त्यसमा प्रतिनिधिले विचार गर्नेछन्।

oooo

केपी कमरेडले पार्टीको अध्यक्ष भएर अब पनि एमालेको नेतृत्व गर्ने कुरा भयो भने समस्या झन् झन् झांगिन्छ। अनेक प्रकारका समस्या पैदा हुन्छ भन्ने लाग्छ। यसमा उहाँले नेतृत्व छोड्नुपर्छ।

ooo

उहाँ (विद्या भण्डारी)ले बाहिर रहेर पनि आफ्नो भूमिका निर्वाह गर्नुहुनेछ। उहाँको जोड नेतृत्व परिवर्तन र पार्टीमा आन्तरिक लोकतन्त्रको कुरामा छ। नेताले कार्यकर्ताको कुरा सुन्ने र भावना बुझ्ने पार्टी बन्नपर्छ भन्ने उनको धारणा छ।

ooooo

को-कोसँग प्रतिस्पर्धा गर्न हुने, कसले कोसँग गर्न नहुने भन्ने छैन। केपी कमरेडले पनि आठौंमा हार्नु भएकै हो, नवौंमा कडा प्रतिस्पर्धा गरेर आएकै हो। पार्टीमा उहाँले प्रतिस्पर्धा गर्न हुने, अरूले नहुने भन्ने छैन।

ooooo

सिंगै पार्टी नै क्लबजस्तो भयो भन्ने खालका कुरा आए। भएको पनि त्यस्तै छ। पार्टी प्राइभेट कम्पनीजस्तो बन्न दिनु हुँदैन। राजनीतिक पार्टी, त्यसमा पनि कम्युनिस्ट पार्टी यसरी चल्दैन।

ooooo

अध्यक्षमा पराजित भए पनि मलाई एमाले हुनबाट कसैले रोक्न सक्दैन। जुन अवस्थामा भए पनि एमाले भइरहन्छु।

### १४ सदस्यीय बन्यो मन्त्रिपरिषद्

# थपिएका ४ मन्त्रीले सम्हाले कार्यभार






■ सौर्य समाचार

काठमाडौं । नवनियुक्त ४ जना मन्त्रीले शुक्रबार पदभार ग्रहण गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएसँगै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री कुमारसिंह इङ्नाम, श्रम, रोजगार तथा तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी, वन तथा वातावरणमन्त्री माधव चौलागाईं र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले मन्त्रालय पुगेर पदभार सम्हालेका हुन् ।

प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा उनीहरूलाई राष्ट्रपति पौडेलले शुक्रबार नियुक्त गरेका हुन् । गत २७ भदौमा गठित मौजुदा मन्त्रिपरिषद्को संख्या शुक्रबारको विस्तारसँगै १४ पुगेको छ । गत २३ र २४ भदौको जेनजी आन्दोलनपछि २७ भदौमा प्रधानमन्त्री कार्कीको नेतृत्वमा गठित मन्त्रिपरिषद् यसअघि गत ३० भदौ, ६ असोज र ९ कात्तिकमा विस्तार भएको थियो ।

नवनियुक्त भूमि व्यवस्थामन्त्री इङ्नामले सिंहदरबारस्थित मन्त्रालयमा पदबहाली गरे । उनलाई मन्त्रालयका सचिव मदन भुजेललगायत उच्च पदस्थ कर्मचारीले स्वागत गरेका थिए । पदबहालीपछि मन्त्री इङ्नामले बाँझो जमिनको अधिकतम उपयोग गर्नुपर्ने बताए । 'नेपालको जमिन उर्वर छ, भूउपयोग कमजोर छ, कृषिमा धेरै नेपाली आश्रित छन् । किसानलाई सहजीकरण र उत्पादनको बजारीकरणलाई प्राथमिकता दिन्छौं,' उनले भने ।

त्यस्तै नवनियुक्त महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले सार्वजनिक निकायको नीति, कार्यक्रम, संरचना, निर्णय प्रक्रिया तथा कार्य वातावरणलाई लैंगिक दृष्टिले परीक्षण गरी लैंगिक उत्तरदायी शासन प्रणाली प्रवर्द्धन गर्ने उद्देश्यले तयार गरिएको 'राष्ट्रिय लैंगिक परिक्षण कार्यविधि-२०८२' को परिमार्जित मस्यौदा स्वीकृत गर्ने निर्णय गरिन् । नेपाल पर्यटन बोर्डकी वरिष्ठ प्रबन्धकसमेत रहेकी मन्त्री श्रेष्ठले अमेरिकाको मिसिगन स्टेट युनिभर्सिटीबाट आर्थिक विकासमा अध्ययन गरेकी हुन् । उनी संयुक्त राष्ट्रसंघको संयुक्त परियोजना 'दिगो पर्यटन परियोजना' (एसटिपी) की राष्ट्रिय परियोजना संयोजकसमेत थिइन् ।

त्यस्तै नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री भण्डारीले आफ्नो योग्यता र क्षमताअनुसार मुलुकको द्वन्द्व व्यवस्थापन गर्न सक्रिय हुने बताएका छन् । सिंहदरबारस्थित मन्त्रालयमा पदबहालीपछि पत्रकारमाझ उनले सरकारको कार्यावधि निकै छोटो भए पनि १ दिनलाई १ घन्टाको द्रुतगतिमा कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री भण्डारीले आफू लामो समय सिआइबीको संस्थापक भएर काम गरेको हुँदा संगठित अपराधका गतिविधिको जालो तोड्न कार्ययोजना बनाउने बताए ।

'प्रहरी र जेनजी पुस्ताबीचको नकारात्मक खाडल हटाउनु पनि छ,' मन्त्री भण्डारीले भने, 'अब भने हरेक प्रहरी दमनकारी हुँदैन र हरेक जेनजी विध्वंशकारी हुँदैन भनेर महसुस गराउनु छ ।' उनका अनुसार जेनजीको पीडा जति छ, नेपाल प्रहरीको पनि उत्तिकै छ । दुवै पक्षले क्षति बेहोर्नुपरेको र दुवै आवाजलाई मन्त्रिपरिषद्मा लिएर जान सकिने पनि उनले बताए । प्रहरी सेवाबाट अवकाश भएको करिब १ दशकपछि उनी मन्त्री बनेका हुन् ।

यस्तै, नवनियुक्त वनमन्त्री चौलागाईंले जेनजी आन्दोलनपछिको परिवर्तनलाई संस्थागतदेखि चुनाव गर्नेसम्मका सरकारका म्यान्डेट पूरा गर्न ध्यान केन्द्रित गर्ने बताए । उनले मन्त्रालय र मातहतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गर्न कमिटी बनाएर अघि बढ्ने निर्णयमा हस्ताक्षर गरे । त्यस्तै, मन्त्री चौलागाईंले मुगु जिल्लाको मुगुम कार्मारोङ गाउँपालिकामा छायाँनाथ राष्ट्रिय निकुञ्ज स्थापनाको घोषणा भइसकेको अवस्थामा छिट्टै कार्यालय बनाएर निकुञ्ज सञ्चालन गरिने बताए । वन तथा वातावरणको क्षेत्रमा पर्ने वन संरक्षण, जलवायु परिवर्तनलगायत मुद्दालाई छोटो समयमा स्थापित गर्ने उनको भनाइ छ ।

## आसन्न निर्वाचनमा सशस्त्र प्रहरी दोस्रो घेरामा परिचालित हुने



■ सौर्य समाचार

काठमाडौं । सशस्त्र प्रहरी बल नेपालले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई पारदर्शी, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन अन्य सुरक्षा निकायसँग समन्वयात्मक रुपमा परिचालित हुने तयारी गरेको छ । आगामी २१ फागुनमा हुने आमनिर्वाचनलाई सफल बनाउन भरपर्दो सुरक्षा व्यवस्था प्रदान गर्ने नीतिअनुरुप 'प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' अनुसार परिचालित हुने तयारी गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

त्यसका लागि सशस्त्र प्रहरीले 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ सुरक्षा कार्यमा सशस्त्र प्रहरी बल नेपालको परिचालन नीति' तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ । एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार सरकारबाट तोकिएको जिम्मेवारी त्रुटिरहित ढंगबाट सम्पन्न गराउन उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गर्नेगरी तयारी गरिएको सशस्त्र प्रहरी प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक मनिष थापाले जानकारी दिए ।

प्रधान कार्यालय हल्चोकमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उनले सुरक्षा चुनौतीका आधारमा निर्वाचन क्षेत्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरी तोकिएको जिम्मेवारीमा परिचालन गरिने बताए । सशस्त्र प्रहरी निर्वाचन सुरक्षार्थ सुरक्षाको दोस्रो घेरामा रही अन्य सुरक्षा निकायसँग समन्वयात्मक रुपमा परिचालित हुनेछ । निर्वाचन सुरक्षासँग सम्बन्धित विषयवस्तुमा सुपरीवेक्षण, समन्वय एवं सहजीकरणका लागि सशस्त्र प्रहरी मुख्यालयमा केन्द्रीय निर्वाचन सेल, प्रत्येक बाहिनी मुख्यालयमा बाहिनी निर्वाचन सेल र जिल्लामा अप्रेशनल जिम्मेवारीमा रहेका प्रत्येक गण/गुल्ममा निर्वाचन सेल गठन गरिनेछ ।

निर्वाचन सुरक्षार्थ सशस्त्र प्रहरी कर्मचारीलाई मोबाइल, स्ट्राइकिङ, क्युआरटी रिजर्भ, निर्वाचन क्षेत्र सुरक्षा, सुरक्षा बेस, कमाण्ड पोष्ट, संयुक्त निर्वाचन परिचालन केन्द्र, जिल्ला निर्वाचन, मुख्य निर्वाचन अधिकृतको कार्यालयलगायत क्षेत्रमा आवश्यक बन्दोबस्तीसहित परिचालन गर्ने नीतिमा उल्लेख छ । निर्वाचन विरोधी गतिविधि नियन्त्रण एवं आपराधिक क्रियाकलाप नियन्त्रण गर्न सूचना आदानप्रदानलगायत परिचालनमा आवश्यकताअनुसार समन्वयात्मक रुपमा गर्ने, समकक्षी सुरक्षा निकायसँग आवश्यक समन्वय र सहकार्य गरी सीमा इलाकामा प्रभावकारी रुपमा परिचालन गर्ने नीति अख्तियार गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

## ईश्वर पोखरेलको फरक दस्तावेज महाधिवेशनमा प्रस्तुत हुने



■ सौर्य समाचार

काठमाडौं । एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको अवधारणा पत्र महाधिवेशन प्रतिनिधिलाई वितरण गरिने भएको छ । शुक्रबार च्यासलमा बसेको सचिवालय बैठकमा अवधारणा पत्र वितरण गर्न दिने सहमति भएको हो । 'बन्द सत्रमा अवधारणा पत्र राख्न दिने सहमति भएको छ', सचिव योगेश भट्टराईले जानकारी दिए । पोखरेलले २२ गते महासचिव शंकर पोखरेललाई छुट्टै राजनीतिक एवं सांगठनिक दस्ताबेज बुझाएका थिए । 'पार्टी सञ्चालन, लोकतान्त्रीकरण, पूर्वराष्ट्रपतिको सदस्यता लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय समेटिएको अवधारणा पत्रलाई प्रतिनिधिमाझ वितरण गर्ने । साथै, ईश्वर कमरेडले उम्मेदवारी प्रस्तुत गर्दा त्यो दस्ताबेजमा केन्द्रित रहेर प्रतिनिधिमाझ आफ्ना कुरा राख्ने सहमति बनेको छ', भट्टराईले भने ।

नेकपा एमालेको ११औं महाधिवेशन आज शनिबार सुरु हुँदै छ । २९ गतेसम्म चल्ने महाधिवेशनेको उद्घाटन आज भक्तपुरको सल्लाघारीस्थित तिनकुने चौरमा हुँदै छ । पार्टीको विधान महाधिवेशनले नीतिगत विषयमा निर्णय गरिसकेकाले महाधिवेशन पूर्णतः नेतृत्व चयनमा केन्द्रित हुनेछ । केपी शर्मा ओली नै तेस्रो कार्यकालका लागि अध्यक्ष बन्ने तयारीमा छन् भने ओलीलाई वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले चुनौती दिँदै छन् ।

## यस वर्ष खोटाङमा फल्यो ३ हजार ४१० मेट्रिकटन सुन्तला

■ सौर्य समाचार



खोटाङ । यो वर्ष खोटाङमा ३ हजार ४१० मेट्रिकटन सुन्तला उत्पादन भएको छ । जिल्लाका अधिकांश कृषकले उत्पादन गरेका सुन्तला ठेकेदारले बगानबाटै खरिद गरिरहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लामा उत्पादित सुन्तला प्रतिकिलो सरदरमा १०० रुपैयाँ का दरले बिक्री गर्दा यो वर्ष ३४ करोड १० लाख रुपैयाँ आम्दानी हुने केन्द्रका अर्थविज्ञ दीपक चौहानले जानकारी दिए । 'यो वर्ष सबैभन्दा बढी जन्तेढुङ्गा र दिप्रुङ चुइचुम्मा गाउँपालिकामा सुन्तला उत्पादन भएको छ । जन्तेढुङ्गा गाउँपालिकाबाट ४ करोड ५० लाख रुपैयाँभन्दा बढीको सुन्तला बिक्री भएको छ,' उनले भने, 'कृषक आफैँले बजार लगेर बिक्री गर्दा प्रतिकिलो १३० रुपैयाँसम्म पर्छ । कृषकबाट खरिद गरिएका सुन्तला व्यापारीले प्रतिकिलो १५० रुपैयाँमा बिक्री गर्छन् ।'

कृषि ज्ञान केन्द्रले दिएको जानकारीअनुसार जिल्लाका १० वटै स्थानीय तहमा गत वर्षको तुलनामा यसवर्ष १५ हेक्टर जमिनमा सुन्तला उत्पादन घटेको छ । गत वर्ष ९९५ टेक्टरमा सुन्तला उत्पादन भएकामा यस वर्ष विभिन्न रोगको सङ्क्रमणका कारण ९८० हेक्टर खेती गरिएको छ । व्यावसायिक सुन्तलाखेती गरिरहेका जन्तेढुङ्गा-६ दिप्लुङका जगत किराँतीले यो वर्ष ७ लाख रुपैयाँ आम्दानी गरेको जानकारी दिए । 'यातायातको सुविधाले यस वर्ष बगानबाटै सुन्तला बेचियो,' उनले भने, 'सुन्तलाखेतीलाई विस्तार गरिरहेको छु । आगामी वर्ष अझ बढी आम्दानी हुने अनुमान छ ।'

फलफूल तथा तरकारीको व्यावसायिक खेती गरेका किरातीले २५० वटा बोटमा फलेका सुन्तला बेचेर मङ्सिरमा मात्रै रु सात लाख आम्दानी भएको जानकारी दिए । दिप्लुङका किराँती मात्र नभई अन्य कृषकले सुन्तला बिक्रीबाट लाखौं आम्दानी गरेका गाउँपालिकाले जनाएको छ । जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने यो गाउँपालिकाको घोर्ले, सातमारा, केराबारी, सोभे, फगतपुर, पाथीभरा, भीरगाउँ, वाचीपाला, खुटा, कात्तिकेलगायत क्षेत्रका किसानले व्यावसायिक सुन्तलाखेती गर्दै आएका छन् । बुढापाकाले खानका लागि रोपेका सुन्तला यातायातको सुविधा आएसँगै आम्दानीको स्रात बन्न थालेको कृषकहरूको भनाइ छ ।

जन्तेढुङ्गा-५ चिसापानीस्थित घोर्ले गाउँका कृषकले यसवर्ष १ करोड रुपैयाँबढीको सुन्तला बिक्री गरेका गाउँपालिकाका अध्यक्ष अरुणादेवी राईले जानकारी दिइन् । 'घोर्लेमा ३१ परिवारको बसोबास छ । सबैका घरमा सुन्तलाको बगान छन् । सबै घरले हरेक वर्ष ३ लाख रुपैयाँबढीको सुन्तला बिक्री गर्छन्,' उनले भनिन्, 'घोर्लेमा पुर्खाकै पालादेखि सुन्तला उत्पादन हुन्थ्यो । पहिले खानका लागि पुर्खाले रोपेका सुन्तला अहिले आम्दानीको स्रोत बनेको छ । यसलाई प्रवर्द्धन गर्न गाउँपालिकाको तर्फबाट सहयोग गर्दै आएका छौं ।'

दिप्रुङ चुइचुम्मा गाउँपालिका-१ याम्खाका कृषक रामबहादुर कुँवरले यो वर्ष सुन्तलाबाट कम्तीमा १२ लाख रुपैयाँ आम्दानी हुने अनुमान गरेका छन् । गत वर्ष ९ लाख आम्दानी भएकामा यो वर्ष उत्पादन बढेकाले आम्दानी बढ्ने उनले बताए । खोटेहाङ गाउँपालिकाका किसानले सुन्तला बिक्रीबाट बर्सेनि लाखौं आम्दानी गर्ने वडा नं ६ इन्द्रेणी पोखरीका युवा कृषक इन्द्र नारथुङेले बताए । गाउँपालिकामध्ये सबैभन्दा ठूलो (९ वडा रहेको) यो पालिकामा गत वर्षको तुलनामा यसवर्ष सुन्तलाको उत्पादन घटेको कृषकहरूले बताएका छन् ।

कृषि ज्ञान केन्द्रले दिएको जानकारीअनुसार यसवर्ष रावाबेंसी गाउँपालिकामा सुन्तलाको उत्पादनमा कमी आएको छ । खोटाङमा सुन्तलाको राजधानी भनेर चिनिने रावाबेंसी-३ लामीडाँडामा रोग र सङ्क्रमणले क्षति पुऱ्याउँदा उत्पादन घटेको केन्द्रका अर्थविज्ञ चौहानले जानकारी दिए । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मीस्थित रुधालुङका कृषकले उत्पादन गरेका सुन्तलामा यसवर्ष बगानबाटै बिक्री भएका स्थानीय शुभचन्द्र राईले जानकारी दिए । खार्मीमा उत्पादित सुन्तला सालपा कृषि कम्पनी खोटाङले प्रतिकिलो ६० रुपैयाँमा खरिद गरेको छ ।

## 'जेनजी आन्दोलनलाई छाडेर गरिने कार्यक्रमहरू अपुरो'

■ सौर्य समाचार




काठमाडौं । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जेनजी आन्दोलनलाई छाडेर गरिने कुनै पनि संवाद र कार्यक्रम अपुरो हुने बताएका छन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदिश खरेलले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनलाई जनआन्दोलनको रुपमा राष्ट्रले मान्यता दिएको बताएका छन् । शुक्रबार ललितपुरमा आयोजित सामाजिक जवाफदेहिताः मिडिया र युवा संवाद कार्यक्रममा बोल्दै उनले भदौ २३ र २४ गते भएको क्रान्तिलाई सरकार र जेनजीबीचको सहमतिअनुसार राष्ट्रले औपचारिक रूपमा जनआन्दोलनको मान्यता दिइसकेको बताए ।

उनले भने, 'भदौ २३ र २४ गते जनआन्दोलन भयो । यसलाई सरकार र जेनजीबीच सहमती गरेर जेनजी जनआन्दोलनको मान्यता राष्ट्रले दिइसकेको छ ।' उनका अनुसार जेनजी पुस्ताले सुरु गरेको आन्दोलनले दिएको सन्देश अत्यन्तै स्पष्ट रहेको बताउँदै उनले भने, 'जेनजी आन्दोलन जसरी सुरुवात भयो त्यसले जे सन्देश दियो अब युवाहरूको बारेमा धेरै भन्नुपर्छ जस्तो मलाई लाग्दैन ।' युवापुस्ताप्रति समाजमा रहेका पुराना धारणाहरू गलत साबित भएको उल्लेख गर्दै उनले थपे, 'पहिले हामीले प्लस टु सकेपछि नवयुवाहरू विदेशमै रमाउँछन्, राजनीति सम्झदैनन्, देशप्रति ध्यान दिँदैनन् भनेर ठूलो भ्रम पालेका थियौं तर त्यो भ्रमको कालो पर्दा जेनजीले भदौ २३-२४ को जनआन्दोलनबाट च्याते ।'

उनका अनुसार सो आन्दोलनले जेनजी पुस्ता शक्तिशाली, सचेत र आवश्यक परेको खण्डमा परिवर्तनका लागि बलिदान दिन पनि तयार रहेको स्पष्ट प्रमाणित गरिदिएको छ । उनले भने, 'जेनजी यति सशक्त छ, सचेत छ र परिवर्तनका खातिर जेनजीहरू बलिदान दिन पनि तयार हुन्छन् भन्ने पुष्टि गरे ।' उनले युवाहरूको मुद्दाले प्राथमिकता पाएको भन्दै अब देश परिवर्तनको मार्गमा युवा नेतृत्वलाई सुनिश्चित गर्दै सबैलाई एकजुट भएर अघि बढ्न आह्वान गरेका छन् । उनका अनुसार मुलुकलाई रुपान्तरण गर्न युवाको भूमिकालाई विशेष महत्व दिइनुपर्ने र वर्तमान सरकार पनि युवामैत्री कदमका साथ अगाडि बढिरहेको बताए । 'अहिलेको सरकार तपाईंहरूको साथमै छ,' उनले भने, 'अब युवा नेतृत्वलाई अग्रपंक्तिमा ल्याउँदै परिवर्तनको यात्रामा सबैले हातेमालो गर्न आवश्यक छ ।'

## 'पूर्वराजाको भान्जा हुँ' भन्दै करोडौंको ठगी गर्ने सिंह पक्राउ

■ सौर्य समाचार



काठमाडौं । विभिन्न मुलुकमा आकर्षक रोजगारीमा पठाइदिने भन्दै ४८ जना युवायुवतीसँग ४ करोड ३९ लाख रुपैयाँ ठगी गरेको आरोपमा काठमाडौं महानगरपालिका-२७ का ५१ वर्षीय मनोजकुमार सिंह भन्ने अनुपकुमार सिंह पक्राउ परेका छन् । सिंहसहित दोलखाको मेलुङ गाउँपालिका-७ का ५१ वर्षीय लड्डुबहादुर श्रेष्ठले बेरोजगार युवायुवतीलाई बेलायतको म्यान्चेस्टर सहरमा सञ्चालित एक होटलबाट कामदारको माग भएकाले सो होटलमा रोजगारी मिलाइदिने भन्दै ठगी गरेको अनुसन्धानबाट खुलेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले जिल्ला प्रहरी कार्यालय झापाको समन्वयमा झापाको मेचीनगर नगरपालिका-१० धुलाबारीबाट उनीहरूलाई पक्राउ गरेको हो । उनीहरुले आफू 'पूर्वराजाको भान्जा' भएको भन्दै सहजै युवायुवतीलाई ठगी गर्ने गरेको थिए । युवायुवतीलाई विश्वास दिलाउन उनले होटल र आफ्नो कम्पनीबीचको नक्कली रोजगार-सम्झौता, काठमाडौंस्थित बेलायती दूतावासको नक्कली पत्र, नक्कली प्रवेशाज्ञा (भिसा) र हवाई टिकटलगायत कागजात देखाउने गरेको अनुसन्धानका क्रममा खुलेको छ । उनीहरूले आकर्षक तलबको प्रलोभनमा परी युवायुवतीमाथि ठगी गर्ने गरेका थिए । पैसा बुझाएर पनि लामो समयसम्म विदेश नपठाई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

पक्राउ परेका सिहंविरुद्ध यसअघि अमेरिका र बेलायत पठाइदिने भन्दै ठगी गरेको कसुरमा जिल्ला प्रहरी परिसर काठमाठौंमा ४, ललितपुरमा २ गरी ६ वटा ठगीसम्बन्धी कसुर तथा पूर्वराजपरिवारको सदस्य भन्दै धाकधम्की दिएको भनी प्रहरी बृत्त दरबारमार्गमा एउटा मुद्दा दर्ता रहेको अनुसन्धानबाट खुलेको प्रहरी उपरीक्षक आचार्यले जानकारी दिए । कार्यालयले सिंहको समूहबाट ठगिएका अन्य पीडितहरूले निजविरुद्ध कानुनी कारबाहीका लागि आवश्यक कागजातसहित अपराध अनुसन्धान कार्यालय र जिल्ला प्रहरी परिसर भ्रदकालीमा जाहेरी दिन अनुरोधसमेत गरेको छ ।

**नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०८/२७**

यस कम्पनी २०८२/०४/२८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **बि. एण्ड बि. पब्लिसर एण्ड डिष्ट्रिब्युटर्स**को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०५/२२ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी **बि.एण्ड बि. पब्लिकेसन (१२४६५२)** कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## स्थानीयको गुनासोपछि अनुगमनमा पुगे मन्त्री घिसिङ

# दुधौरा पुलको निर्माण समयमै सक्ने निर्माण व्यवसायीको प्रतिबद्धता



■ सौर्य समाचार

बारा । पूर्व-पश्चिम राजमार्गको पथलैया-ढल्केबर खण्डअन्तर्गत बाराको दुधौरा पुल निर्माण आगामी पुसभित्र सम्पन्न गर्ने प्रतिबद्धता निर्माण व्यवसायी जनाएका छन् । शुक्रबार पुल निर्माणको स्थलगत निरीक्षण गर्न पुगेका ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री कुलमान घिसिङसमक्ष निर्माण कम्पनीले यस्तो प्रतिबद्धता जनाएको हो ।

मुख्य राजमार्गको पुल निर्माण वर्षौंदेखि अलपत्र परेको भन्दै गुनासो आएपछि मन्त्री घिसिङ स्थलगत निरीक्षणमा पुगेका थिए । सो क्रममा पुल निर्माणको ठेक्का पाएको महादेव खिम्ती-हिराचन उपक्रम (जेभी) काठमाडौंको रवि सिंहले पछिल्लोपटक थप गरिएकै समयमा पुल निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएका हुन् । निर्माण व्यवसायी महासंघका अध्यक्षसमेत रहेका सिंहले पुसभित्र पुल निर्माण सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गर्ने बताए ।

मन्त्री घिसिङले पुल निर्माण सम्पन्न हुने तालिका, बाँकी काम, समस्यालगायतका विषयमा सडक विभागका महानिर्देशक र निर्माण व्यवसायीसँग छलफल गरेका थिए । मुख्य राजमार्गकै पुल लामो समयदेखि निर्माण हुन नसक्दा यात्रुहरूले सास्ती बेहोर्नुपरेको उल्लेख गर्दै मन्त्री घिसिङले विद्युत् लाइन देखाएर काम रोक्न नहुने र तत्काल सम्पन्न गर्नुपर्ने बताए । उनले पुल नजिकबाट गएको ११ केभी लाइनले निर्माणमा कुनै असर नपर्ने उल्लेख गरे ।

४ लेनको ९० मिटर लम्बाइ भएको कंक्रिट पुल निर्माणका लागि महादेव खिम्ती–हिराचन उपक्रम (जेभि)सँग २४ असार २०७५ मा १७ करोड २२ लाख (कर सहित)मा ठेक्का सम्झौता भएको थियो । सुरुको सम्झौताबमोजिम पुल निर्माण असार २०७८ भित्र सम्पन्न गर्नुपर्ने थियो । पछिल्लो म्याद थप बमोजिम पुल निर्माण आगामी पुसभित्र सम्पन्न गर्नुपर्नेछ । पुलको भौतिक प्रगति ८५ प्रतिशत रहेको छ ।


**मनमत–कलैया–मटिरवा सडक तत्काल सम्पन्न गर्न माग**

हुलाकी राजमार्गअन्तर्गत बाराको मनमत–कलैया–मटिरवा सडक खण्ड तत्काल सम्पन्न गर्न स्थानीय बासिन्दाले माग गरेका छन् । मधेस प्रदेश बारा, पर्सा र रौतहट जिल्लाका सडक, सिँचाइ र विद्युत आयोजनाहरूको निर्माण प्रगतिको स्थलगत निरीक्षणका क्रममा कलैया पुगेका ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङसमक्ष स्थानीयले यस्तो माग गरेका हुन् । स्थानीयले सदरमुकामकै सडक नबन्दा ठुलो सास्ती बेहोर्नुपरेको बताएका थिए । मन्त्री घिसिङले सडक रुग्ण अवस्थामा रहेको सडक निर्माणको ठेक्कालाई सरकारले उपयुक्त निर्णय गरी अगाडि बढाउने बताए ।

करिब ४ किलोमिटर सडक स्तरोन्नतिका लागि २७ पुस २०७८ मा सप्तकोसी जलाधार-ओम साई एन्ड कम्पनी उपक्रम (जेभी), काठमाडौँसँग २२ करोड ३१ लाख रुपैयाँ (कर्सहित)मा ठेक्का सम्झौता भएको थियो । १ माघ २०७९ भित्र निर्माण सम्पन्न गर्ने गरी सुरुआती ठेकका सम्झौता भएकोमा दोस्रोपटक थपिएको म्याद ४ चैत २०८२ मा सकिँदै छ ।

सडक निर्माणको भौतिक प्रगति करिब २० प्रतिशत मात्र छ । निर्माण व्यवसायीको कमजोर कार्यसम्पादनका कारण सडक निर्माण अलपत्र छ । ठेक्का अन्त्य किन नगर्ने भन्दै गत ३१ असोजमा निर्माण व्यवसायीलाई सार्वजनिक स्पष्टीकरण सोधिएको थियो । त्यसपछि निर्माण व्यवसायी निर्माणस्थलमा परिचालित भएको तर हालसम्म पनि उल्लेखनीय प्रगति हासिल नभएको अवस्था रहेको छ ।

# अन्डाको लागत मूल्य बढ्यो



■ सौर्य समाचार

चितवन । अन्डाको लागत मूल्य निरन्तर उकालो लागेको छ । पोल्ट्री व्यवसायी मञ्चले कृषि तथा वन विज्ञान विश्वविद्यालयका विज्ञहरूको समिति बनाई निकालेको लागत मूल्यअनुसार यसअघिको लागत मूल्यभन्दा वृद्धि भएको हो । लागत मूल्य अध्ययन समितिका सदस्यसचिव कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका उपप्राध्यापक डा.अनन्त दाहालका अनुसार अहिले निकालिएको एउटा अन्डाको लागत मूल्य १९.१२ रुपैयाँ पर्न आउँछ । विगतमा लागत मूल्य १६.५६ रहेको थियो । ३ वर्षअघि सरकारी र निजी क्षेत्रका भेटेरिनरियन चिकित्सकहरूले लागत मूल्य निकालेका थिए ।

डा.दाहालका अनुसार १० हजार लेयर्स कुखुरापालन गरी अन्डा उत्पादन गर्दा लाग्ने अन्डाको मूल्य निकालिएको हो । यसअनुसार चल्लाको मूल्य प्रतिगोटा १५० का दरले १५ लाख, ३ प्रकारका दाना, औषधि र भेक्सिन गरी ३ करोड ४८ लाख ८८ हजार ८०० खर्च निकालिएको छ ।

यसमा सुरुमा चल्लालाई खुवाउने एल वान दाना एउटा चल्लालाई २ किलो, जसको मूल्य प्रतिकिलो ६८ राखिएको छ । हुर्काउलो कुखुराका लागि ६ किलो (एल टु दाना), यसको सरदर मूल्य ६१ रुपैयाँ राखिएको छ । १९ हप्तादेखि ८० हप्तासम्मको अन्डा दिने समयका लागि ४८ किलो एलथ्री दाना एउटा कुखुराले खान्छ । जसको मूल्य ६०.५० पर्दछ । त्यस्तै औषधि र भेक्सिनको ११ लाख खर्च हुने उनले जानकारी दिए ।

त्यसैगरी मजदुर, भेटेरिनरी चिकित्सक, व्यवस्थापक, विद्युत्, धानको भुस, खोरको मर्मत, खोरमा त्रिपाल, चल्ला तातो बनाउने ग्यास, अन्डाको क्रेट र डिजेल गरी ६० लाख ५८ हजार ६९६ रुपैयाँ खर्च हुने दाहालले बताए । जसमा मजदुर खर्च २५ लाख २० हजार, भेटेरिनरी चिकित्सक (आंशिक) को ४ लाख ५० हजार, व्यवस्थापकको ७ लाख २० हजार, विद्युत्को २ लाख १३ हजार ९९६, धानको भुसको ४ लाख, खोरको मर्मत ३ लाख ५० हजार, ५ वटा खोरमा त्रिपाल राख्दा १ लाख ५० हजार, ग्यासको ४० हजार रुपैयाँ लागत निकालिएको छ । यस्तै अन्डाको क्रेटको ८ लाख ९६ हजार र डिजल एवं जेनेरेटर खर्च ३ लाख १९ हजार रुपैयाँ लागत निकालिएको उनले जानकारी दिए ।

त्यसैगरी अन्डा ढुवानीको मजदुर खर्च ६ लाख ३० हजार, ढुवानी सवारीको २ लाख ५० हजार र खोरको ह्रासकट्टी १९ लाख ७२ हजार ५००, मजदुरको आवासको ह्रासकट्टी २ लाख र बैंक व्याज ४९ लाख ५९ हजार ७५० लागत निकालिएको छ । यी सबैको एकमुष्ठ ८० लाख १२ हजार २५० हुन आउँछ ।

सम्पूर्ण खर्च जोड्दा १० हजार कुखुरापालन गरी अन्डा उत्पादन गर्दा ४ करोड ९८ लाख ५९ हजार हुन आउने उनको भनाइ छ । डा. दाहालले भने, '१० हजार कुखुरापालन गरी अन्डा उत्पादनपछि बजारसम्म पुऱ्याउँदा लाग्ने सम्पूर्ण खर्चलाई जोडेर लागत मूल्य निकालेका हौं ।'

त्यसैको आधारमा प्रतिगोटा लागत मूल्य १९.१२ पर्न आएको उनको भनाइ छ । पालिएका सबै कुखुराले शतप्रतिशत अन्डा नदिने, अन्डा बजारसम्म पुऱ्याउँदा नोक्सान हुनेजस्ता विषयवस्तु समेतको अध्ययन गरी लागत मूल्य निर्धारण गरिएको उनले बताए ।

चल्ला राखेदेखि अन्डा दिई ८० हप्तासम्म पाल्दा २ हजार कुखुरा मर्ने हुँदा ८ हजार कुखुराले २६ लाख ८८ हजार अन्डा पार्दछन् । जसको ३ प्रतिशत फुट्ने र बिक्री अयोग्य हुन्छ । दाहालका अनुसार जसबाट ८० हजार ६४० वटा अन्डा बिक्री गर्न अयोग्य हुन्छ । यसरी हेर्दा २६ लाख ७ हजार ३६० अन्डा बिक्री गर्न योग्य हुन्छन् ।

यसैगरी आम्दानीतर्फ अन्डा दिन छाडेपछि ८ हजार कुखुरा २०० रुपैयाँका दरले बिक्री गर्दा १६ लाख र ३०० बोरा मल २०० रुपैयाँका दरले बिक्री गर्दा ६० हजार रुपैयाँ गरी कुल अन्य आम्दानी १६ लाख ६० हजार हुने उनको भनाइ छ । अध्ययन समितिको संयोजकमा सोही विश्वविद्यालयका प्राडा रेवन्तकुमार भट्टराई, प्राडा सुविर सिंह, सहप्राध्यापक डा.अनिलकुमार तिवारी र सदस्यसचिवमा उपप्राध्यापक डा.अनन्त दाहाल रहेका छन् ।

# अनौपचारिक श्रमिकले खोजे पारिश्रमिकको सुनिश्चितता




■ सौर्य समाचार

काठमाडौँ । अनौपचारिक क्षेत्रका श्रमिकहरूको दोस्रो राष्ट्रिय सम्मेलनमा सरकारसमक्ष ७ बुँदे मागपत्र प्रस्तुत गरिएको छ । ५ प्रदेशका १३ जिल्लामा रहेका अनौपचारिक क्षेत्रका कामकाजी महिलाले शुक्रबार पत्रकार सम्मेलनमार्फत आफ्ना माग सार्वजनिक गरेका हुन् ।

स्थानीय तहमा सबै अनौपचारिक क्षेत्रका श्रमिकको अनिवार्य दर्ता तथा श्रम ऐन, २०७४ ले तोकेअनुसार न्यूनतम तथा न्यायसंगत पारिश्रमिकको सुनिश्चितता गर्नुपर्ने, सुरक्षित कार्यस्थल तथा बिमा सुविधामा पहुँचको व्यवस्था गर्नुपर्ने तथा अनौपचारिक क्षेत्रमा काम गर्ने महिला यौन दुर्व्यवहार, शोषण र भेदभावको जोखिममा रहने भएकाले सम्बन्धित निकायलाई ती समस्या समाधान गर्न तत्काल प्रभावकारी कदम चाल्नुपर्ने उनीहरूको माग छ ।

शिशुलाई स्तनपान गराउन स्तनपान कक्षको व्यवस्था गर्नुपर्ने, पिउने पानी, शौचालय, बाल-हेरचाह केन्द्रलगायतका सुविधाको व्यवस्थासहित उनीहरूको सम्मानपूर्वक काम गर्ने अधिकारको ग्यारेन्टी गर्नुपर्ने मागपत्रमा उल्लेख छ । अनौपचारिक क्षेत्रका महिला श्रमिक नै यस्तो क्षेत्रमा कार्यरत कुल श्रमिक संख्याको ९० प्रतिशत हिस्सा रहने उल्लेख गर्दै स्थानीय तहले श्रम अनुगमन संयन्त्र स्थापना गर्न तथा शोषण र अन्याय न्यून गर्न कानुनी कार्यविधि तयार गर्न माग गरिएको छ ।

'हामीलाई शोषणमुक्त, सुरक्षित र सम्मानित कार्यस्थल आवश्यक छ,' मागपत्रमा उल्लेख छ । साथै, उनीहरूले योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आफ्नो समावेशीकरण तथा दिगो रोजगारीको सुनिश्चितता गर्नसमेत माग गरेका छन् । आगामी निर्वाचनलाई दृष्टिगत गर्दै, राजनीतिक दलले अनिवार्य रूपमा अनौपचारिक क्षेत्रका श्रमिकसम्बन्धी मुद्दा आफ्ना चुनावी घोषणापत्रमा समेट्नुपर्ने, तिनलाई प्राथमिकताको एजेन्डा बनाई श्रमिकका अधिकार सुनिश्चित गरी न्याय दिलाउनुपर्ने उनीहरूको माग छ ।

# जुम्लामा ४ हजारभन्दा बढी साना उद्योग



■ सौर्य समाचार

जुम्ला । यहाँ ४ हजारभन्दा बढी साना तथा घरेलु उद्योग दर्ता भएका छन् । उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका अनुसार गत आर्थिक वर्षदेखि हालसम्म विभिन्न प्रकृतिका ५ हजार २८६ उद्योग दर्ता भएका छन् । तीमध्ये ८२५ उद्योग खारेज भएका छन् । कार्यालय प्रमुख मन्दिरनाथ योगीले दर्ता खारेज भएका उद्योगबाहेक हालसम्म यहाँ ४ हजार ४६१ उद्योग रहेका बताए । उनका अनुसार वाणिज्यतर्फ १० लाखभन्दा माथिका ३ हजार उद्योग उपभोक्ता हित संरक्षण कार्यालय र ३ लाखमुनिका २०४ नयाँ साना उद्योग स्थानीय तहमा दर्ता भएका छन् । दर्ता भएका उद्योगमध्ये उत्पादनमूलक, कृषि तथा वनजन्य, सेवामूलक, पर्यटन, निर्माण र सूचना सञ्चार प्रविधितर्फ उद्योग दर्ता हुने गरेको कार्यालय प्रमुख योगीले बताए ।

यी उद्योगबाट गत आवमा ५२ रुपैयाँ लाख राजस्व संकलन भएको उनले जानकारी दिए । उक्त कार्यालयले गत आवमा यहाँका ८ वटै स्थानीय तहका २०४ जनालाई विभिन्न सीपमूलक तालिम प्रदान गरेको जनाएको छ । जिल्लामा दर्ता भएका अधिकांश उद्योग कागजमै सीमित छन् ।

■ नारायणगढ-बुटवल सडक

# पूर्वी खण्डमा ३३ वटा पुल निर्माण



■ सौर्य समाचार

नवलपरासी । नारायणगढ-बुटवल सडक विस्तार आयोजनाअन्तर्गत पूर्वी खण्डमा ३३ वटा पुल निर्माणको काम सकिएको छ । योजनाको पूर्वी खण्ड नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा पर्ने ३३ वटा पुल निर्माणको काम सकिएको हो ।

नारायणगढ-बुटवल सडक विस्तार आयोजनाका सूचना अधिकारी शिव खनालले गैंडाकोटदेखि दाउन्नेसम्मको पूर्वी खण्डमा ३४ वटा पुल निर्माण गर्नुपर्नेमा अब एउटा पुल निर्माणको काम बाँकी रहेको बताए । यस खण्डमा २५ मिटर लम्बाइसम्मका छोटा २२ वटा पुल र २५ मिटरभन्दा लामा १२ वटा पुल निर्माण गर्नुपर्नेमा एउटा पुल मात्र निर्माणको काम बाँकी रहेको सूचना अधिकारी खनालले जानकारी दिए ।

सूचना अधिकारी खनालका अनुसार लामा पुलमा पनि २०० मिटरभन्दा लामा गिरुवारी खोला, अरुणखोला र विनयी खोलाको पुलमध्ये अरुणखोलाको पुलमात्र निर्माणको काम बाँकी छ । अरुणखोला पुलको काम अन्तिम चरणमा रहेको छ ।

निर्माण गरिएका पुलमध्य कावासोतीको केरुंगे खोला र चोरमाराको गिरुबारी खोलामा 'एप्रोच' सडकको काम भइरहेको छ । केही दिनमा यी पुलबाट सवारी सञ्चालन हुनेछ । 'पुलहरू बनाउने काम लगभग अन्तिम चरणमा पुगेको छ, एउटा अरुणखोलाको पुलमा केही काम बाँकी छ, त्यो पनि चाँडै सकिन्छ', सूचना अधिकारी खनालले भने । दाउन्ने खण्डमा केही कल्भर्टको काम बाँकी रहेकाले ती कल्भर्ट निर्माणसमेत अन्तिम चरणमा चलिरहेको छ ।

नारायणगढ-बुटवल सडक विस्तार आयोजनाको हालसम्म भौतिक प्रगति ७६ प्रतिशत पुगेको छ । पूर्वी खण्डमा दाउन्नेबाहेकका क्षेत्रमा कालोपत्रको धेरैजसो काम भएकाले यात्रा सहज बनेको छ । दाउन्ने क्षेत्रमा भने अझै सडक ढलानको काम बाँकी रहेकाले यात्रा सहज हुनसकेको छैन । नारायणगढ-बुटवल सडक विस्तारको काम २०७५ माघ २४ गते सम्झौता भएर २०७९ साउन २२ गते सम्पन्न गर्नेगरी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले काम सुरु गरेको थियो । नारायणगढ-बुटवल सडकको कुल ११३ किलोमिटरलाई २ खण्डमा विभाजन गरी काम अघि बढाइएको थियो ।

निर्धारित समयमा काम सम्पन्न नभएपछि २०८१ साउन ८ सम्मका लागि दोस्रोपटक म्याद थप भएको थियो । यस अवधिमा समेत काम सम्पन्न भएपछि गत साउनमा २०८२ साउन ८ सम्मका लागि तेस्रोपटक म्याद थप गरिएको थियो । अहिले चौथोपटक २०८३ असारसम्म म्याद थप गरिएको छ । एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा अघि बढेको सडक विस्तार योजनाको दुवै खण्ड गरेर कुल १६ अर्ब ९९ करोड ५२ लाख ९६ हजार रुपैयाँ लागत रहेको छ । ११३ किलोमिटर सडकमध्ये ७० किलोमिटर ४ लेन, २९ किलोमिटरमा ४ लेनसहित दुवैतर्फ ६-६ मिटरको सर्भिस लेन हुनेछ । दाउन्नको १४ किलोमिटर क्षेत्रमा ३ लेनको सडक निर्माण हुनेछ ।

## मुग्लिन पोखरा सडक खण्ड

### मौरीओडारमा कालोपत्र थालियो

तनहुं । मुग्लिन-पोखरा सडकखण्डअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-६ मौरीओडारमा कालोपत्र गर्न थालिएको छ । मुग्लिन पोखरा सडकको पश्चिम खण्डअन्तर्गत मौरीओडारमा लामो समयपछि कालोपत्र गर्न थालिएको हो । यो खण्डमा पहिरोको उच्च जोखिम भएकाले कालोपत्र गरिएको थिएन । सडकछेउमा निर्माण गरिएको पर्खाल पहिरोले भत्काएको थियो । पश्चिम खण्डअन्तर्गत तनहुँको भागमध्ये मौरीओडारमा दुईतर्फी नै कालोपत्र गर्न बाँकी रहेकामा यहाँ कालोपत्रको काम सुरु गरिएको सडक योजना प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिए ।

हाल २ लेनमा कालोपत्रको काम भइरहेको छ भने २ लेन सकिएपछि अर्को २ लेनमा कालोपत्र हुनेछ । पश्चिम खण्डमा हालसम्म ५९.७६ प्रतिशत भौतिक र ४७. ८० प्रतिशत वित्तीय प्रगति भएको छ । ३८.८८ किलोमिटर दुरीको उक्त खण्डमा हालसम्म ३७.४ किलोमिटरमा एकतर्फी पहिलो तहको कालोपत्र सकिएको छ । त्यसमध्ये २९.६१ किलोमिटर खण्डमा ४ लेन र ७.७९ किलोमिटर खण्डमा २ लेन कालोपत्र सम्पन्न भएको छ ।

उक्त खण्डमा १२ मध्ये ११ पुल निर्माण सम्पन्न भइसकेको छ भने सेती नदीमा पुल निर्माणाधीन रहेको छ । पश्चिम खण्डमा गत आर्थिक वर्षमा २५ किलोमिटर ४ लेन सडक स्तरोन्नति गर्ने लक्ष्य राखिएकामा २३.०६ किलोमिटर कालोपत्र भएको छ । ११ पुल निर्माण गर्ने लक्ष्य राखिएकामा लक्ष्यबमोजिम ११ वटै पुल बनेका छन् । ६६ कल्भर्ट निर्माण गर्ने लक्ष्य राखिएकामा ६५ र ५१.५ किलोमिटर नाला निर्माण गर्ने लक्ष्य राखिएकामा ४५.२ किलोमिटर नाला निर्माण सम्पन्न भएको कुँवरले जानकारी दिए । २०७८ जेठ ३ गते सम्झौता भएको यो खण्डको काम गर्ने म्याद २०८२ पुस १६ सम्म रहेको छ । यो खण्डको ठेक्का एनहुई केयुएन हाइवे एन्ड ब्रिजले ७ अर्ब ४० करोड रुपैयाँमा पाएको थियो ।


**जीतपुरसिमरा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जीतपुर, बारा**
**मधेश प्रदेश, नेपाल**

**फोहोर व्यवस्थापन सम्बन्धी पुर्व सूचना खारेज गर्ने सम्बन्धमा**

**(प्रथम पटक प्रकाशित मिति २०८२/०८/२७)**

यस कार्यालयको लागि आ.व.२०८०/०८१ मा आवश्यक पर्ने देहाय बमोजिमको फोहोरमैला व्यवस्थापनको परामर्श सेवा खरिद गर्ने प्रयोजनार्थ विद्युतीय माध्यमबाट राष्ट्रिय स्तरमा मिति २०८१/०१/१४ गते प्रकाशित खुल्ला आशयपत्र आह्वानको सूचना विविध कारणले प्रकृया अगाडी बढाउन नसकिने भएको हुँदा नगर कार्यपालिकाको एक्काउन्नौ बैठकको निर्यण बमोजिम सो सूचना रद्द भएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहाय:**

| सि. नं. | कामको विवरण | EOI |
|---|---|---|
| 01 | Integrated Solid Waste Processing and Management in JeetpurSimara Submetropolitan City, Jeetpur, Bara | JSMC/EOI/1-2080/81 |

प्रमुख प्रशासकीय अधिकृत




# सुदूरपश्चिम र लुम्बिनीबीच आज उपाधि भिडन्त

■ सौर्य समाचार

काठमाडौं । दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को उपाधिका लागि आज शनिबार साविक उपविजेता सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्स भिड्ने भएका छन् । कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा उपाधिका लागि दिउँसो ३:३० बजे भिडन्त हुँदै छ । साविकको विजेता खेलबाट बाहिरिएपछि यस संस्करणमा नयाँ च्याम्पियन बन्ने पक्का छ । सुदूरपश्चिम र लुम्बिनी उपाधि रक्षाका लागि तयार छन् । लुम्बिनीलाई नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तानसमेत रहेका रोहित पौडेलले सम्हालेका छन् । सुदूरपश्चिमको जिम्मा नेपाली राष्ट्रिय क्रिकेट टिमका उपकप्तान रहेका दीपेन्द्रसिंह ऐरीको छ ।

रोयल्स लिग चरण खेल र साविक उपविजेता भएकाले लायन्सभन्दा बलियो देखिएको छ । लिग चरणका ७ मध्ये ४ खेल जितेर पहिलो क्वालिफायर खेल्दै रोयल्स उपाधि नजिक पुगेको हो । रोयल्स गत वर्ष फाइनलमा जनकपुर बोल्टससँग ५ विकेटले पराजित हुँदै उपविजेतामा सीमित भएको थियो । लायन्स यो वर्ष लिग चरणका ७ मध्ये ४ खेलमा विजयी हुँदै इलिमिनेटर र दोस्रो क्वालिफायर आफ्नो पक्षमा पार्दै फाइनलमा सुरक्षित भएको हो । लुम्बिनी गत संस्करणमा लिग चरणबाटै आउट भएको थियो ।

जारी सिजनमा एक पटक मात्रै यी दुवै टोली आपसमा भिडेका हुन् । लिग चरणको उक्त खेलमा रोयल्स ७ विकेटले विजयी भएको थियो । गत संस्करणमा एक पटक भेट भएकामा लायन्स ४५ रनले पराजित भएको थियो । तेस्रो भेट दुवैका लागि महत्वपूर्ण हुनेछ । जसले जित हात पार्छ, त्यसले खेल मात्रै जित्ने छैन, च्याम्पियन बन्दै इतिहास लेखाउने छ । इतिहास लेखाउनका लागि दुवै टोली एक जित मात्रै पछाडि छन् । रोयल्सका कप्तान ऐरीले आफूहरू च्याम्पियन बन्न तयार रहेको बताएका छन् । उनले भने, 'गत वर्ष फाइनलनमा चुकेका हौं । सबै कमीकमजोरी सुधार गर्दै यस पटक च्याम्पियन बन्ने हाम्रो लक्ष्य हो ।' लायन्सका कप्तान पौडेलले आफूहरू च्याम्पियन बन्नका लागि सबै पक्षबाट तयार रहेको बताएका छन् । उनले भने, 'हामीहरू पछिल्लो ५ खेल लगातार जितेर फाइनलमा पुगेका हौं । हाम्रो ध्यान अब ट्रफी जित्नेमा छ ।'



## लायन्सका प्रभाव पार्न सक्ने खेलाडी

कप्तान पौडेल लुम्बिनीका लागि सबैभन्दा लयमा देखिएका छन् । उनले ब्याट बल दुवै क्षेत्रबाट राम्रो गरेका छन् । उनी सर्वाधिक रनकर्ताको सूचीमा तेस्रो नम्बरमा छन् । उनले ९ खेलबाट २६० रन जोडेका छन् । उनी २ खेलमा प्लेयर अफ द म्याचसमेत चुनिएका हुन् । सर्वाधिक रनकर्ताको पाँचौं नम्बरमा रहेका लुम्बिनीका विदेशी खेलाडी डार्सी सर्ट लयमा रहेका छन् । उनले ९ खेलबाट २४२ रन जोडेका छन् । जसमा एउटा अर्धशतक पनि छ । युवा बलर शेर मल्लले पछिल्लो समय उत्कृष्ट प्रदर्शन गर्दै लुम्बिनीलाई फाइनल पुऱ्याउन महत्वपूर्ण योगदान गरेका छन् । सर्वाधिक विकेटकर्ताको तेस्रो नम्बरमा रहेका उनले ९ खेलबाट १४ विकेट चट्काएका छन् । उनी २ खेलमा म्याच विनर बन्दै प्लेयर अफ द म्याचसमेत चुनिए ।

उत्कृष्ट बलरको छैटौं नम्बरमा रहेका रुबेल ट्रम्पलम्यान ९ खेलबाट १२ विकेट हात पारेका छन् । उनले राम्रो प्रदर्शन गर्दै आएका छन् । उनले ब्याटबाट ६५ रन हिर्काएका छन् । नेपाल क्रिकेट संघ क्यानको आयोजनामा यही मंसिर १ गतेदेखि सुरु भएको प्रतियोगितामा ८ टोली सहभागी थिए । एपिएलको विजेताले १ करोड १० लाख पुरस्कार प्राप्त गर्नेछ भने दोस्रो हुने टोलीले ५१ लाख, तेस्रो टोलीले २५ लाख र चौथोले १५ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

## रोयल्समा प्रभाव पार्न सक्ने खेलाडी

सुदूरपश्चिम रोयल्समा बलर अभिनाश बोहरा प्रभाव पार्न सक्ने खेलाडीका रूपमा छन् । जुन उनको हालसम्मको प्रदर्शनले देखाएको छ । जारी सिजनमा भएका ८ खेलमा उनले १६ विकेट लिँदै सबैभन्दा बढी विकेट लिनेको दोस्रो नम्बरमा छन् । उनलाई खास गरी 'डेथ ओभर स्पेसलिस्ट' भनेर चिनिन्छ । विदेशी खेलाडी हरमित सिंह रोयल्सका लागि लयमा देखिएका खेलाडी हुन् । अलराउन्डर खेलाडी सिंहले हालसम्म १२ विकेट लिएका छन् । उनी उत्कृष्ट बलरको छैटौं नम्बरमा छन् । उनले ब्याटिङबाट १ अर्धशतकसहित १२३ रन जोडिसकेका छन् । १ खेलमा उत्कृष्ट खेलाडीसमेत भए ।

रोयल्सलाई फाइनल पुऱ्याउन ओपनर ब्याटर विनोद भण्डारीको भूमिका महत्वपूर्ण छ । उनी सर्वाधिक रनकर्ता सूचीमा दोस्रो नम्बरमा छन् । भण्डारीले ८ खेलबाट २६४ रन बनाएका छन् । जसमा २ अर्धशतक छन् । उनी यो संस्करणमा २ पटक प्लेयर अफ द म्याचसमेत भएका छन् । कप्तान ऐरी प्रभाव पार्न सक्ने खेलाडी हुन् । उनी सबै पक्षबाट अब्बल मानिन्छन् । उनले हालसम्म बलिङमा ८ विकेट र ब्याटिङमा १४९ रन जोडिसकेका छन् । एउटा खेलमा प्लेयर अफ द म्याचसमेत घोषित भए । स्कट कुगेलेइन पनि बलिङबाट राम्रो प्रभाव पार्न सक्छन् । ओपनर बलरको भूमिकामा रहेको उनले हालसम्म १० विकेट हात पारेका छन् ।

# रेडपान्डा म्याराथन हुने

■ सौर्य समाचार

इलाम । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आगामी १ पुसमा इलाममा 'रेडपान्डा म्याराथन' प्रतियोगिता हुने भएको छ । इलाम सदरमुकामदेखि नेपाल-भारत सीमाक्षेत्र सन्दकपुर डाँडासम्मको म्याराथन गर्न लागिएको आयोजक दीपज्योति युवा क्लबका कार्यक्रम निर्देशक राम रिमालले बताए ।

रेडपान्डा नेटवर्क र सन्दकपुर गाउँपालिकाको सहकार्यमा प्रतियोगिता हुन लागेको हो । पुरुष र महिलातर्फका म्याराथनअन्तर्गत धावकहरू इलाम सदरमुकामस्थित चोक बजार (१ हजार १२० मिटर उचाइ) बाट सन्दकपुर डाँडा (३ हजार ६१० मिटर उचाइ) सम्म ४४.२ किलोमिटर दुरीमा दौडनेछन् । प्रतियोगितामा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीसहित देशभरका १०० बढी धावक सहभागी हुनेछन् । प्रतियोगिताका पुरुष र महिलातर्फ छुट्टाछुट्टै पहिलो हुनेले १ लाख ५० हजार रुपैयाँ, दोस्रो हुनेले १ लाख रुपैयाँ, तेस्रो हुनेले ५० हजार रुपैयाँ र चौथो हुनेले ३० हजार रुपैयाँ प्रदान गरिने आयोजक दीपज्योति युवा क्लबले जनाएको छ । त्यसैगरी, स्थानीय विधातर्फ इलाम, पाँचथर र ताप्लेजुङका धावकका लागिसमेत छुट्टै प्रतियोगिता हुनेछन् । पुरुष र महिलातर्फका पहिलो हुनेले २५ हजार रुपैयाँ, दोस्रो हुनेले २० हजार रुपैयाँ, तेस्रो हुनेले १० हजार रुपैयाँ र चौथो हुनेले ५ हजार रुपैयाँ पाउनेछन् । 'जिल्लाको पूर्वाधार विकासँगै पर्यटन प्रवर्द्धन गर्न म्याराथन प्रतियोगिता आयोजना गर्न लागेका हौं,' क्लबका कार्यक्रम निर्देशक रिमालले भने, 'कार्यक्रमले यहाँको पर्यटन विकासमा थप टेवा पुऱ्याउने विश्वास लिएका छौं ।'

लोपोन्मुख रेडपान्डा (हाब्रे) संरक्षण, खेलकुद र पर्यटन प्रवर्द्धनका लागि आयोजना हुने 'रेडपान्डा म्याराथन' मा नेपालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धावकको समेत सहभागिता रहने रेडपान्डा नेतवर्कका कार्यक्रम निर्देशक वाङ्चु भुटियाले जानकारी दिए ।

म्याराथन प्रतियोगिताका लागि सन्दकपुर गाउँपालिकाले मार्ग अन्तर्गतको सडक मर्मत सुरु गरेको गाउँपालिका अध्यक्ष तुलाराम गुरुङले बताए । 'पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले हाम्रै पालिकामा म्याराथन प्रतियोगिता हुँदै छ', अध्यक्ष गुरुङले भने, 'यसले सन्दकपुर गाउँपालिकाको मात्र नभई समग्र इलामको पर्यटन विकासमा सहयोग पुग्नेछ ।'सन्दकपुर गाउँपालिका-२ मा पर्ने सन्दकपुर डाँडा इलामको सबैभन्दा अग्लो उचाइ ३ हाजर ६३६ मिटर उचाइमा पर्छ । सन्दकपुर डाँडाबाट सूर्योदयको दृश्यावलोकनसँगै विभिन्न ४ वटा देश नेपाल, भारत, भुटान र चीनका हिमालहरू देख्न सकिन्छ । यसअघि रेडपान्डा दिवसको अवसमा भदौ ५ गते प्रतियोगिता तय गरिए पनि अन्तिम समयमा बर्सातका कारण स्थगित भएको थियो ।

# नेपाललाई टेबलटेनिसमा रजत पदक

■ सौर्य समाचार

काठमाडौं । नेपालका पारा टेबलटेनिस खेलाडी स्वीकृत न्यौपानेले युनाइटेड अरब इमिरेट्स (युएई) को दुबईमा भइरहेको एसियन युथ पारा गेम्समा रजत पदक प्राप्त गरेका छन् । उनले टेबलटेनिस यु-२३ पुरुष एकल (क्लास ७) तर्फ उक्त पदक प्राप्त गरेका हुन् ।

बिहीबार भएको फाइनल खेलमा न्यौपाने चाइनिज ताइपेइका खेलाडी रेन तिङ ह्वाङसँग ३-२ सेटमा पराजित भए । फाइनलमा न्यौपानेले चाइनिज ताइपेइका खेलाडीसँग पहिलो सेट १३-११ अंकले र तेस्रो सेट १२-१० ले जिते पनि दोस्रो सेटमा ११-६, चौथो सेट ११-५ र अन्तिम सेटमा १२-१० अंकले हार बेहोरेका थिए ।

न्यौपानले सेमिफाइनलमा फिलिपिन्सका बार्गे काबनेरोलाई ३-१ सेटमा पराजित गरेका थिए । उनले उक्त खेल ११-९, ११-८, ५-११ र ११-९ अंकले जितेका थिए । न्यौपानेले लिग चरणमा भने काजकिस्तान, किर्गिस्तान र इराकका खेलाडीलाई पराजित गरी सेमिफाइनलमा स्थान बनाएका थिए । टेबलटेनिसमा महिलातर्फ निर्मला भण्डारीले सहभागिता जनाएकी युएईमा रहेका राष्ट्रिय पारा टेबलटेनिस संघका अध्यक्ष गणेश केसीले जानकारी दिए । एसियन पारा युथ गेम्समा नेपालले टेबलटेनिससहित एथलेटिक्स, तेक्वान्दो र भारत्तोलनमा सहभागिता जनाएको छ । प्रतियोगिता यही २८ मंसिरसम्म चल्नेछ ।

कला

# लैंगिक हिंसाविरुद्ध आह्वान मञ्चन



■ सौर्य समाचार

नुवाकोट । लैंगिक हिंसाविरुद्धको १६ दिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभियानअन्तर्गत नुवाकोटको ककनी गाउँपालिकामा सडक नाटक ' आह्वान' मञ्चन गरिएको छ । ककनी गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको सहकार्य र आदिइत्यादि समूहको प्रस्तुतिमा नाटक महेन्द्र माध्यमिक विद्यालय, चतुराले र भवानी माध्यमिक विद्यालय, ककनीलाई लक्षित गरी मञ्चन गरिएको थियो । नाटकको उद्देश्य लैंगिक हिंसाका बहुआयामिक स्वरूपबारे विद्यार्थी र स्थानीय समुदायलाई सचेत गराउनुरहेको समूहले जनाएको छ ।


करिब ५० मिनेटको सडक नाटकले समाजका लैंगिक हिंसाका विभिन्न रूपहरूलाई सशक्त र मार्मिक शैलीमा उजागर गरेको छ । नाटकमा घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार, मानसिक यातना र डिजिटल युगमा बढ्दै गएको साइबर बुलिङजस्ता संवेदनशील विषयवस्तुहरूलाई समेटिएको थियो ।

नाटकका लेखक तथा निर्देशक पुरु लम्सालले हिंसा पीडितले भोग्नुपर्ने शारीरिक चोट र मनोवैज्ञानिक पीडालाई यथार्थपरक ढंगले प्रस्तुत गर्दै दर्शकलाई हिंसाविरुद्ध मौनता तोड्न र कानुनी तथा सामाजिक उपचार खोज्नका लागि प्रेरित गरेको बताए । नाटकमा सुशीलसिंह ठकुरी, दीपमाला परियार, दिवाकर घिमिरे, निस्सोम मगर, अन्जना दुलाल, अन्जु खड्का र सन्ध्या नेपालको अभिनय थियो ।

ककनी गाउँपालिकाकी उपाध्यक्ष मिठ्ठुमाया तामाङले विद्यालय र समुदायलाई लक्षित गरी 'हिंसा सहने होइन, आवाज उठाउने हो' सन्देश बोकेको नाटक मञ्चन गर्न पाएकोमा खुसी व्यक्त गर्दै नाटकले सबैलाई हिंसाविरुद्ध एकजुट हुन प्रेरित गर्ने बताइन् । महेन्द्र गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाप्रमुख कविता काफ्लेले युवापुस्तालाई संवेदनशील बनाउन विद्यालयमा मञ्चन गरिएको नाटक प्रभावकारी र समय सान्दर्भिक बनेको बताइन् । वडा -४ का वडाध्यक्ष सोनाम लामाले नाटकले समुदायका सबै सदस्यहरूलाई हिंसा सहने नभई हिंसाविरुद्ध एकजुट हुन र सकारात्मक सामाजिक परिवर्तनका लागि काम गर्न प्रेरित गरेको बताए ।

# कलाकारका पुस्तक, अध्ययन र हास्य कुरा





किताब जात्रा २०८२



■ सौर्य समाचार

काठमाडौं । किताब यात्रा फाउन्डेसनले आयोजना गरेको सातौं संस्करणको 'किताब जात्रा'मा शुक्रबार नेपाली फिल्म क्षेत्रका कलाकारले पुस्तक, राजनीति र जीवनका बारेमा आफ्ना अनुभव सुनाए । अभिनेता राजेश हमालले 'जिन्दगी र विज्ञापन' सेसनमा कुनै पनि पेसामा आफ्नो उच्चतम परिचय बनाउनुको आवश्यकता औंल्याउँदै त्यो परिचय पाउन काममा इमानदारी चाहिने बताए ।

हमालको पुस्तक 'युगदेखि युगसम्म' केही समयअघि सार्वजनिक भएको थियो । 'पुस्तक लेख्ने कार्य कठिन रहेछ । मलाई त झनै कठिन भयो, किनकि म व्यक्तिगत कुरा झट्टै साट्न चाहने मानिस होइन । तर, पुस्तकमा जीवन छताछुल्ल पार्नु पर्दा कठिन लाग्यो,' अभय पाण्डे सहजकर्ता रहेको सेसनमा उनले भने, 'मैले प्रकाशकसँग आफ्ना विषय छताछुल्ल पार्न गाह्रो हुन्छ पनि भनेको थिएँ । त्यसपछि उहाँले एउटा फर्मेट दिनुभयो र पुस्तक तयार भयो ।'

उनले पुस्तकमा जीवन, बाल्यकाल, भोगाइ, समाज र यसप्रति आफ्नो जिम्मेवारी, दृष्टिकोणलगायत विषय इमानदारीकासाथ समेटेको बताए । 'मान्छेको सबैभन्दा रुचीको विषय भनेको अर्को व्यक्ति हो । म कस्तो देखिएको छु, मलाई के सोचिरहेका छन् भन्ने अर्को व्यक्तिको सोचाइमा छ कि छैन भन्ने कुरा मान्छेको दिमागमा खेलिरहेको हुन्छ । तपाईं एकदम भयंकर हुनुपर्छ भन्ने छैन । हरेकको आफ्नै विन्दु र दृष्टिकोण हुन्छ । बौद्धिक रूपमा मात्र हामी फरक हुने हो । सिर्जना गर्ने व्यक्तिलाई आ-आफ्नो हिसाबले सिर्जना गर्ने स्वतन्त्रता हुनुपर्छ,' उनले भने ।

त्यस्तै 'लाइट, क्यामरा, एक्सन' सेसनमा अभिनेताद्वय शिव श्रेष्ठ र दीपकराज गिरी तथा अभिनेत्री रेखा थापाले सहजकर्ता नरेश भट्टराईसँग अन्तरसंवाद गरे । अभिनेता शिवले आफूलाई पढेको कुरा याद नभए पनि फिल्मका संवाद भने निर्देशकबाट सुनेर सम्झिने गरेको खुलाए । 'मलाई सेन्टजेभियर्समा बुबाले भर्ना गरिदिनुभयो । त्यहाँ म बस्नै सकिनँ । दोस्रो दिनमै भागेँ । फेरि अर्को दिन स्कुल पुऱ्याउनुभयो । म टिक्नै सकिनँ । थुप्रै विद्यालय फेरेँ । म क्लासमा पनि लास्ट बेन्चमा बस्थेँ,' ७७ वर्षे शिवले भने ।

शिवले विद्यालयबाट भागेकै कारण थुप्रै पटक जरिमाना तिर्नुपरेको स्मरण गरे । 'कतिपटक त जरिमाना जोगाउन हाजिरी पुस्तिकासमेत च्यातेँ । पढ्न बस्यो कि निद्रा लाग्थ्यो । म फिल्मको डाइलग सुनेको आधारमा भन्थेँ । मलाई पढेको होइन, सुनेको याद हुन्छ,' उनले भने ।

अर्का अभिनेता गिरीले पुस्तक प्रेम रहे पनि पढ्ने बानी कम रहेको खुलाए । उनले आफू पढ्न चाहने मानिस भए पनि पुस्तक हातमा राख्दा भुसुक्कै निदाउने गरेको बताए । 'अहिले पनि पुस्तक पढ्न खास रमाइलो लाग्दैन । सुन्न र हेर्न मन पराउँछु । त्यसैले पुस्तक पढ्नभन्दा जीवन पढ्न रमाइलो लाग्छ,' उनले भने, 'म कमजोर विद्यार्थी । स्कुलबाट निकै भाग्थेँ । म महिनामा ५ दिन मात्र स्कुल जान्थेँ । एकपटक स्कुलले सम्मान गर्दा मसँग भन्ने शब्द थिएन । मलाई एक जना मिसले निकै पिट्नुहुन्थ्यो । उहाँलाई सम्झदै मैले उहाँको पिटाइले राम्रो पढ्दा राम्रो नम्बर आउथ्यो । र, आज मेरो राम्रो लेखनी हुनुको कारण नेपाली राम्रो भएरै होला भनेर उहाँलाई सम्झेको थिएँ । त्यसैले जीवनमा पढाइको ठुलो महत्त्व छ', उनले भने ।

अभिनेत्री रेखाले भने किताब र फिल्म तथा साहित्य र फिल्म उस्ताउस्तै रहेको बताइन् । उनले यी दुवै चीजमा समाजकै कथा हुने भएकाले समानता रहेको दाबी गरिन् । 'नेपालमा दुःखका कथा धेरै छन् र मैले पनि तिनै कथालाई फिल्ममार्फत दर्शकलाई देखाइरहेकी छु । हामीले समाज हाँसिरहेको कथा किताब र फिल्ममा कहिले देखाउन पाउँला ?,' उनले भनिन् । रेखाले राजनीतिक द्रष्टा मात्र बन्ने बताइन् । उनले आफू पछिल्लो समय फिल्ममै सक्रिय रहेकाले राजनीतिमा कम चासो रहेको जनाइन् । 'पढाइमा म राम्री भए पनि कलाप्रतिको मोहले पढाइको रुची घट्दै गयो । मैले आफ्नो रुचीको क्षेत्रमा दक्षता हासिल गर्दा सफल भइन्छ भन्ने लागेर कलाप्रति सक्रियता बढाएँ', उनले भनिन् ।

यस्तै हास्य कलाकार सन्दीप क्षेत्रीले हाँसोमा उनिएका जीवनका कथा मिठा हुने बताए । 'मान्छे मात्र हास्न सक्छ । अरू कुनै जीवन हास्न सक्दैनन् । त्यसैले हास्नुमा मानिस हुनुको सार्थकता लुकेको छ । हामी हास्य कलाकारलाई देख्दा त झन् दर्शकहरू खुसी हुन्छन् । हामीलाई मानिसले हाँसोको रंगले मात्र हेरिरहेका हुन्छन्,' सहजकर्ता सञ्जोग कोइरालासँग उनले भने ।

सन्दीपका अनुसार सुरुआती दिनमा अरूले उनलाई हाँसोको रंगले मात्र हेर्दा रिस उठ्ने गरेको भए पनि अहिले भने खुसी लाग्ने गरेको सुनाए । 'मेरो हाँसो र जीवनलाई हेर्ने दृष्टिकोण एक घटनाले फेरिदिएको हो । मेरी श्रीमती बिरामी हुँदा अस्पतालमा मेरो पीडा कसैले बुझेका थिएनन् । मलाई देख्दा खुसी साट्थे । तर, मभित्र पीडा थियो । अर्को घटना एकपटक ठुलो बुबालाई भेट्न पाटन अस्पताल उक्लिँदै थिए । उताबाट स्लाइन चढाइएकी निकै बिरामी महिला स्ट्रेचरमा थिइन् । उनले मलाई मुस्कानसहित सन्दीप दाइ भनिन् । हामी हास्य कलाकारलाई देख्दा बिरामी पनि मुस्कुराउन सक्छ । त्यहि घटनाबाट म सद्धे मान्छे भएको महसुस भयो र हास्य कलाकार हुनुमा गर्व गर्छु,' उनले भने ।

उनले दर्शक आफ्नो व्यक्तिगत जीवनबाट नभई कलाबाट प्रभावित भएकाले उनीहरूलाई हँसाइराख्नु आफ्नो कलाको धर्म भएको दाबी गरे । 'त्यसैले अहिले म हाँसोबाट नै सबैलाई जबाफ दिने गरेको छु । म आफू हाँसीरहन र अरूलाई हँसाइरहन मन हाँसिरहनुपर्छ भन्ने मान्यता राख्छु । अरूले पनि यो मान्यतालाई बोक्नुपर्छ,' उनले भने ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी